# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०२ | काठमाडौं | बिहीबार, १८ साउन २०८० | Prabhab National Daily | Thursday, August 3, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सय किलो सुन प्रकरण

## अनुसन्धानमा सुस्तता, शंकाको 'सुई' शीर्ष नेतातिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** सय किलो भनिएको सुन प्रकरणमा भरियादेखि भन्सारका कर्मचारीहरू पक्राउ परे पनि मुख्य दोषीतर्फ अनुसन्धानको सुई सोझिएकै छैन । यो प्रकरणमा १८ जना पक्राउ परिसके तर चुरो कुरा पत्ता नलागेपछि राजनीतिक मण्डलीहरूमा यही विषयलाई हाँसो र ठट्टाको विषय बनाइएको छ ।

बुधबारमात्र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई कटाक्ष गरे । 'म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाजीलाई भन्न चाहन्छु- देउवाजी तपाईंले क्विन्टल क्विन्टल सुन तस्करी भएको सुन्नुभएको छ कि छैन ? के छ तपाईंको विचार ?,' एक कार्यक्रममा ओलीले प्रश्न गरे । हुन पनि कांग्रेस सभापति देउवा अहिलेका सरकारका प्रमुख हिस्सेदार हुन् । देउवाले अहिलेसम्म सुन प्रकरणमा केही बोलेका छैनन् । त्यसो त साउन १० गते सम्पन्न कांग्रेस केन्द्रीय समितिले सुन तस्करीमा संलग्नलाई अविलम्ब कारबाही गर्न सरकारसँग माग गरेको छ । 'हालसालै त्रिभुवन विमानस्थल भन्सारबाट बाहिर निस्कँदै गर्दा पक्राउ परेको करिब १०० किलो सुनको सन्दर्भमा गम्भीरतापूर्वक गहिरो अनुसन्धान गरी सुन तस्करीमा संलग्न दोषीलाई अविलम्ब कारबाहीको दायरामा ल्याउन यो बैठक सरकारसँग माग गर्दछ,' कांग्रेसको निर्णयमा भनिएको छ ।

यो विषयलाई अहिले एमालेले आफ्नो मूल मुद्दासमेत बनाएको छ । एमालेले सुन प्रकरणको दोषी पत्ता लगाउन उच्चस्तरीय छानबिन समिति बनाउन माग गर्दै दुईपटक संसद् अवरुद्ध पारिसकेको छ । यस प्रकरणमा नेपाल प्रहरीको अनुसन्धान ब्युरोले हात हालेको छैन ।

राजस्व अनुसन्धान विभाग छापा हानेर नै हिँडिरहेको छ । विभागले पछिल्ला दिनहरूमा अनुसन्धानलाई सुस्त गतिमा लगेको छ भने यता सदन अवरुद्ध जारी छ । यसले कतै सुन प्रकरणमा कतै शीर्ष नेताहरूको संलग्नता पो छ कि भन्ने शंका बढेको छ । नेताहरू भने एकले अर्कोतिर औंला ठड्याउन थालेका छन् । एमालेका नेताहरूले माओवादीतिर र माओवादीका नेताहरूले एमालेका नेतातिर औंला ठड्याउनु अनि अनुसन्धान सुस्त हुनु आशंकाकै विषय हो ।

ओली नेतृत्वको सरकारको पालामा ३३ किलो सुनकाण्डलाई कांग्रेसले मूल मुद्दा बनाएको थियो । ३३ किलो सुन न त फेला पर्‍यो न त मुख्य दोषी नै । यद्यपि, चुडामणि उप्रेती गोरेलाई सनम शाक्य हत्या प्रकरणमा दोष लगाई जन्मकैदको सजाय सुनाएर घटना सामसुम पारियो ।

**सुनको अझै लागेन यकीन**

सय किलो भनिएको सुनको मात्र कति (बाँकी पृष्ठ २ मा)

### कहिले के भयो ?

**असार ३०** : हङकङबाट एयर कार्गोमार्फत सुन भित्रियो ।

**साउन ३** : राजस्व अनुसन्धानको टोलीले विमानस्थलको गेटबाट सय किलो सुन बरामद । दुई जना पक्राउ ।

**साउन ४** : बिहानदेखि साँझसम्म थप आठ जना पक्राउ ।

**साउन ४** : भन्सार अधिकृत सन्तोष चन्द र एक जना नायब सुब्बा निलम्बित ।

**साउन ७** : भन्सार अधिकृतसहित थप ६ जना पक्राउ ।

**साउन १०** : सुनबारे छानबिन गर्न उच्चस्तरीय छानबिन समितिको माग गर्दै नेकपा एमालेद्वारा संसद् अवरूद्ध

**साउन १०** : सुन व्यवस्थापनका सहयोगीको भूमिकामा देखिएका एक जना पक्राउ ।

**साउन १४** : तिब्बती मुलका बेल्जियन दावा छिरिङ ठमेलबाट पक्राउ ।

**साउन १६** : उच्चस्तरीय छानबिन समितिको माग गर्दै नेकपा एमालेद्वारा फेरि संसद अवरूद्ध ।

माओवादी केन्द्रीय समिति बैठक

## प्रश्नको घेरामा अध्यक्ष दाहाल

■ जेबी योञ्जन

**काठमाडौं–** भनिन्छ, कम्युनिस्ट पार्टीहरूमा 'सुप्रिमो'माथि प्रश्न उठाउन सकिँदैन । झण्डै लोकतान्त्रिक धारमा आइसकेको नेकपा एमालेमा पनि यो प्रथा अझै जारी छ । चितवन महाधिवेशनमा आफूसँग आँखामा आँखा जुधाएर अध्यक्ष बन्न खोजेको भीम रावललाई अहिले अध्यक्ष केपी शर्मा ओलीले कति कमजोर पारिसके भन्ने सत्यता दुनियाँबाट छिपेको छैन । हुन त महाधिवेशनअघि नै ओलीले रावललाई सम्झाएका थिए, सिपी मैनालीको हालतमा पुर्‍याइदिने भन्दै । तर रावलले सुनेनन् । अहिले भयो यस्तै ।

कम्युनिस्टको नीति अवलम्बन गर्नेमा नेकपा माओवादी केन्द्र एमालेभन्दा 'हार्डलाइनर' हो । त्यसैले होला, २०५२ देखि नै पुष्पकमल दाहाल पार्टीको सुप्रिमो छन् । उनीमाथि प्रश्न गर्न खोज्ने डा. बाबुराम दशथरि पार्टीको चोटाकोठा घुमेर अहिले दाहालकै दैलोमा शरण पर्न पुगेका छन् । तर, माओवादीमा अझै शक्तिशाली मानिएका उनै सुप्रिमो दाहालमाथि केन्द्रीय समितिमा प्रश्न गर्ने नेता देखिएका छन् । प्रधानमन्त्रीसमेत रहेका दाहालमाथि बुधबार सुरु भएको केन्द्रीय समिति बैठकमा 'परिवारवाद' हावी भएको भन्दै प्रश्न उठाएका हुन् ।

'अध्यक्ष आफैं रूपान्तरण नभई माओवादी पार्टी बन्दैन । अध्यक्ष र वरिष्ठ उपाध्यक्षले आफ्ना छोरी र भतिजोलाई लुटको आतंक मच्चाउन र लेनदेनको हिसाब मिलाउनका लागि सचिवालयमा राखेका हुन् । यस्तो होइन भने माओवादीमा धेरै नेता कार्यकर्ता छन्,' प्रवास कमिटी सहइञ्चार्जसमेत रहेका केन्द्रीय सदस्य लक्ष्मण पन्तले बैठकमा भने । अध्यक्ष दाहाल र वरिष्ठ उपाध्यक्ष श्रेष्ठलाई पहिले रूपान्तरण हुनसमेत उनले आग्रह गरे । प्रधानमन्त्री दाहाल र वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ परिवारवादका संरक्षकजस्ता देखिएको आरोप उनको थियो । प्रधानमन्त्री दाहालको स्वकीय सचिव कान्छी छोरी गंगा छिन् । उपप्रधान तथा गृहमन्त्री रहेका श्रेष्ठको भतिज सुरेशकाजी स्वकीय सचिव छन् ।

दाहालकै दल माओवादीको चुनाव चिह्नबाट निर्वाचित खानेपानीमन्त्री महिन्द्रराय यादवले भाञ्जा सत्यप्रकाश यादवलाई स्वकीय सचिव बनाएका छन् । अन्य धेरै सांसद (बाँकी पृष्ठ २ मा)




- अध्यक्ष-उपाध्यक्ष परिवारवादमा रमाएको टिप्पणी
- चुनाव लडेर अध्यक्ष बन्न चुनौती
- मंसिरमा विधान सम्मेलन गर्ने प्रस्ताव
- पार्टी पार्टीजस्तो नभएको दाहालको स्वीकारोत्ति

### 'ऐतिहासिक कदम चालौं'

युद्धकाल हुँदै शान्तिकालसम्म गरी तीन दशकभन्दा बढी पार्टीको नेतृत्वमा रहेका पुष्पकमल दाहालले माओवादी पार्टीजस्तो नभएको भन्दै चिन्ता प्रकट गरे ।

उनले भने, 'मैले हाम्रो पार्टीको सन्दर्भमा विगतमा बेला मौकामा भन्ने गरेको छु- हामीसँग नेता, कार्यकर्ताको विशाल पंक्ति त छ तर पार्टीचाहिँ पार्टीजस्तो भइराखेको छैन ।'

जारी केन्द्रीय समिति बैठकबाटै साँचो अर्थमा एउटा कम्युनिस्ट पार्टी निर्माण, पुनर्निर्माणको अभियान थाल्नुपर्नेमा उनको जोड थियो । अध्यक्ष दाहालले पार्टी पुनर्निर्माणका लागि ऐतिहासिक कदम चाल्न केन्द्रीय समितिका नेताहरूले गम्भीरतापूर्वक जिम्मेवार भएर अनुशासित ढंगले बहस र छलफललाई अघि बढाउनेसमेत बताए । पछिल्लो चरणमा आफ्नो पार्टीको नेतृत्वमा सरकार गठन भइसकेपछि सरकारले अगाडि सारेका कार्यक्रमहरू, लिएका पहलकदमी र गरिएका गतिविधिहरूबाट एउटा नयाँ आशा जनतामा पलाएको दाबी दाहालले गरे ।

सन्दर्भ : वैदेशिक रोजगार

## नेपालीहरूको श्रम गन्तव्य बन्दै युरोपेली मुलुक

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** पछिल्लो समय नेपालीहरूका लागि युरोपेली मुलुक आकर्षक श्रम गन्तव्यको रूपमा परिणत हुँदै गएको छ । नेपाल सरकारले विभिन्न १०८ मुलुकसँगै युरोपमा पनि रोजगारीका लागि खुला गरेपछि ती मुलुकमा नेपालीहरू जानेक्रम बढेको हो ।

एक दशकअघिसम्म रोजगारीका लागि युरोपेली मुलुक जानु नेपालीहरूका लागि सपनाजस्तै भए पनि पछिल्लो समय सहज हुँदै गएको पाइएको छ । पछिल्ला केही वर्षहरूबाट रोजगारीका लागि श्रम स्वीकृति लिएर युरोपेली मुलुक जाने नेपालीको संख्या बढ्दै गएको वैदेशिक रोजगार विभागको तथ्यांकमा देखिन्छ । विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा युरोपका आठवटा मुलुकमामात्रै ४२ हजार ३२६ जना नेपाली रोजगारीका लागि गएका छन् ।

नेपालीहरूले रोमानिया, क्रोएसिया, साइप्रस, पोल्याण्ड, पोर्चुगल, माल्टा, सर्बिया र बेलायतलाई प्रमुख श्रम गन्तव्य बनाएका छन् । यीबाहेक जर्मनी, आयरल्याण्ड, नेदरल्याण्ड, लात्भिया, रसिया, फ्रान्स, स्वीडेन, स्पेनलगायतका युरोपेली मुलुकमा पनि नेपालीहरू श्रम स्वीकृति लिएर काम गर्न पुगेका छन् ।

गत आवमा युरोपेली मुलुकहरूमध्ये सबैभन्दा बढी रोमानिया पुगेका छन् । विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार रोमानिया जान १४ हजार २२५ जनाले श्रम स्वीकृति लिएका छन् । जसमा एक हजार ७७३ जना महिला रहेका छन् । केही वर्षयता रोमानिया नेपालीहरूको आकर्षक श्रम गन्तव्य बन्दै आएको छ । रोमानिया जाने श्रमिकको संख्या उल्लेख्य रूपमा बढ्न थालेपछि नेपाल सरकारले गत वर्षबाट काठमाडौंमा अस्थायी रोमानियन मिसन स्थापना गरी भिसालगायतका गतिविधिमा सहजीकरण गरिरहेको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा सात हजार ४७५ जना नेपाली रोमानिया पुगेको भए पनि पछिल्लो वर्ष दोब्बर संख्याले वृद्धि भएको छ ।

त्यस्तै आर्थिक वर्ष २०७९/८० मा लागि ५२९ महिलासहित सात हजार ४४१ जनाले श्रम स्वीकृति क्रोएसिया पुगेको विभागको तथ्यांक छ । यो संख्या अघिल्लो आवको भन्दा दुई हजारले बढी हो । अघिल्लो आवमा पाँच हजार ३३४ जना रोजगारीका लागि क्रोएसिया पुगेका थिए । त्यस्तै अर्को युरोपेली मुलुक साइप्रसमा पाँच हजार ३१७ जना नेपाली श्रम स्वीकृति लिएर पुगेका छन् । जसमा चार हजार ३४६ महिला रहेका छन् । घरेलु श्रमका लागि खुला भएका कारण साइप्रस जाने महिलाको संख्या बढी देखिएको छ । अघिल्लो आवमा साइप्रस जान चार हजार १८१ जना नेपालीले श्रम स्वीकृति लिएको विभागको तथ्यांकमा उल्लेख छ ।

यस्तै पोल्याण्ड जाने नेपालीको संख्यामा पनि उल्लेख्य वृद्धि भएको छ । आव २०७८/७९ मा एक हजार ८५५ जनामात्रै पोल्याण्ड पुगेकामा पछिल्लो आवमा पाँच हजार ११२ जनाले श्रम स्वीकृति लिएको देखिन्छ । त्यसैगरी माल्टा जाने नेपालीको संख्या पनि बढ्दो छ । आर्थिक वर्ष २०७९/८० मा छ हजार ३०३ जनाले माल्टा जान श्रम स्वीकृति लिएका छन् । जसमा एक हजार ७३५ जना महिला रहेका छन् । अघिल्लो आवमा एक हजार ९१५ जनालेमात्रै माल्टा जान श्रम स्वीकृति लिएका थिए ।

त्यस्तै आव २०७९/८० मा रोजगारीका लागि बेलायत जान दुई हजार २६४ जनाले श्रम स्वीकृति लिएका छन् । अघिल्लो आवमा दुई हजार ८१४ जना बेलायत पुगेका थिए । त्यसैगरी सर्बियाका लागि ९६२ जनाले श्रम स्वीकृति लिएका छन् भने नेपालीहरूको रोजाइमा पर्दै आएको पोर्चुगलमा ७३२ जना पुगेका छन् । अघिल्लो आवमा जम्मा ७९ जनाले मात्रै पोर्चुगल जान श्रम स्वीकृति लिएका थिए ।

पछिल्लो समय युरोपेली मुलुकमा नेपालीहरूको आकर्षण बढ्दै गएपछि युरोपलाई रोजगार गन्तव्यको रूपमा केन्द्रित गर्ने नेपाल सरकारले नीति लिएको छ । श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मलेसिया र खाडी मुलुकको विकल्पमा युरोपलाई श्रम गन्तव्य बनाउन जोड दिएका छन् । साथै, वैदेशिक रोजगार व्यवसायीहरूले पनि युरोपलाई नयाँ गन्तव्यको रूपमा प्रवर्द्धन गर्न यही वर्षको अन्त्यतिर युरोपमा रोजगार मेलाको आयोजना गर्ने तयारी गरिरहेका छन् ।

**कुन देशमा कति नेपाली पुगे**

| | | |
|---|---|---|
| रोमानिया | : | १४,२२५ |
| क्रोएसिया | : | ७,४४१ |
| माल्टा | : | ६,३०३ |
| साइप्रस | : | ५,३१७ |
| पोल्याण्ड | : | ५,११२ |
| बेलायत | : | २,२६४ |
| सर्बिया | : | ९६२ |
| पोर्चुगल | : | ७३२ |

**आव २०७९/८० मा रोजगारीका लागि नेपाली पुगेका युरोपेली मुलुक र संख्या*

### पोल्याण्ड पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि पोल्याण्ड पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पोल्याण्डमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम संकलन गरी फरार रहेको आरोपमा पुरण अस्लामीलाई प्रहरीले पक्राउ गरेको हो ।

पाल्पाको तिनाउ गाउँपालिका-६ स्थायी घर भई हाल काठमाडौं गोकर्णेश्वर बस्ने ४५ वर्षीय अस्लामीले धनञ्जय चौधरीलाई पोल्याण्ड जान आठ लाख रूपैयाँ लाग्ने भन्दै पीडितसँग पटक-पटक गरी एक लाख २० हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । पोल्याण्डको एक प्रतिष्ठित होटलमा मासिक आकर्षक तलब हुने गरी काम लागाइदिने प्रलोभनमा पारी रकाम लिएर फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । अस्मालीलाई खोजतालासका क्रममा गोकर्णेश्वर नयाँबस्तीबाट पक्राउ गरिएको बताइएको छ ।

अस्मालीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको बताइएको छ । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


### विज्ञापन दर/रेट परिवर्तन सम्बन्धि सूचना

२०८०/०१/०१ गते देखि लागु हुने गरी निम्नानुसारको दर/रेट कायम गरिएको सम्बन्धि सबैलाई जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू १५,00,000/-**

**सरकारी**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/- | २१००/- |
| भित्री पृष्ठ | १५००/- | १४००/- |
| अन्तिम पृष्ठ | १९००/- | १७००/- |

**प्राइभेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | २३००/- | २१००/- |
| भित्री पृष्ठ | १५००/- | १४००/- |
| अन्तिम पृष्ठ | १९००/- | १७००/- |

नोट : उपरोक्त दररेटमा कुनै कर समावेश गरिएको छैन ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**

धुम्बराही-४, काठमाडौं ।

फोन नं. ०१-४३७३५७७, ४३७७८११

इमेल : *marketing2prabhab@gmail.com*

वेबसाइट : *www.prabhabonline.com*

## प्रश्नको घेरामा...

पृष्ठ १ बाट जारी

र मन्त्रीहरूले आफन्तलाई स्वकीय सचिव राखेर राज्यको सेवा सुविधा हत्याएका छन् । यसप्रति केन्द्रीय समिति बैठकमा आलोचना सुनिएको हो ।

सुशासन कायम गर्न भन्दै भ्रष्टाचारविरुद्धको कदम उठाएका दाहाललाई यो लज्जाबोध हुनेगरिको प्रश्न हो । उनले जवाफ दिन भने बाँकी छ । तर, पन्तले उठाएको यो गम्भीर प्रश्नको जवाफको प्रतीक्षामा केन्द्रीय सदस्यहरू छन् । नेता हिमाल शर्माले पनि परिवारवादको विरोध गरे ।

उनका अनुसार सबै नेता कार्यकर्ताको रगत र पसिनाले बनेको पार्टीमा आफ्नामात्रै खोज्न हुँदैन । 'पार्टीमा पछिल्लो समय मौलाउँदै गएको परिवारवादले कसैलाई ठीक ठाउँमा पुऱ्याउँदैन,' उनले बैठकमा भने ।

बैठकमा निकै चर्का सुनिएका पन्तले पार्टी अध्यक्ष दाहाल चुनाव लड्न पनि तयार हुनुपर्ने बताए । तीन दशकभन्दा बढी समयदेखि लगातार चुनाव नलडी दाहाल अध्यक्ष छन् । यसलाई लिएर पन्तले चुनौतीको भाषामा चुनाव लडेर अध्यक्ष बन्न सुझाएका हुन् । 'विशिष्ट खालको महाधिवेशनमा गएर प्रचण्ड आफैं चुनाव लडेर अध्यक्ष बन्न तयार हुनुपर्छ,' पन्तको भनाइ उदृत गर्दै एक जना नेताले भने, 'नभए चुनाव लडेर अरु कोही बन्छ ।'

पार्टी अध्यक्ष दाहालले माओवादी पार्टीजस्तो नभएको टिप्पणी गरेका बेला सोही पार्टीका नेता पन्तको नेतृत्वसम्बन्धी विचार अभिव्यक्त भएको हो । बैठकमा दाहाल र पार्टीका अन्य नेताहरूप्रति चुनौतीयुक्त शैलीमा विरोध गर्ने पन्त र शर्मामात्रै होइनन् । केन्द्रीय सदस्य कृष्ण केसीले माओवादीको जीवन पारदर्शी नभएको भन्दै आलोचना गरे । २०४६ सालदेखिका भ्रष्टाचारका सबै फाइल प्रधानमन्त्री दाहालले खोल्नुपर्नेमा उनको जोड छ । 'माओवादीबाट सत्तामा गएकाहरूको सम्पत्ति छानबिन गरौं । बेपत्ता छानबिन र सत्य निरूपण आयोग तुरुन्त निर्माण गर्नुपर्छ । समाजवादका नमूना गाउँहरू बनाउनतर्फ जानुपर्छ,' केसीले भने ।

माओवादीका नेताहरू सत्तामा पुगेको २०६५ देखि हो । त्यसअघिदेखि २०४६ सालसम्ममा कांग्रेस, माओवादी र राजापक्षधर दलहरूले पटकपटक सरकार गठन गरेका थिए । यी दलहरूसमेत माओवादीका नेताहरूलाई छानबिनको दायरामा ल्याउनुपर्ने बताए ।

अर्का केन्द्रीय सदस्य लोकेन्द्र लम्सालले पार्टी एकतामा आएकाहरूको जिम्मेवारीमा पार्टीले ध्यान दिनुपर्ने बताए । उनले क्षमताअनुसार जिम्मेवारी दिनुपर्ने भन्दै पार्टीमा आत्मालोचना र आलोचनालाई आलुचना बनाएर खाएको टिप्पणी गरे ।

तर, केन्द्रीय सदस्य कृष्ण चौधरीले भने अध्यक्ष दाहालको बचाऊ गरे । 'पार्टी अध्यक्षको गल्ती देख्ने तर आफ्नो कुनै गल्ती नदेख्दा पार्टी बिग्रियो । सबैले आफैंतर्फ फर्केर हुर्नुपर्छ,' उनले भने, 'अझ भन्ने हो भने आफ्नो टाउकोमा आफैं आगो लगाउनुपर्ने समय आएको छ । पार्टी बनाउने हो भने एकले अकर्कोलाई दोष लगाउने होइन । फिल्डमा खटौं ।

केन्द्रीय सदस्य सचिन रोकाले अध्यक्ष दाहालले पेस गरेको प्रतिवेदनमाथि टिप्पणी गरे । 'प्रतिवेदन युग परिवर्तन गर्ने खालको आएको छ । सरकारको कामले जनताका आशाको सञ्चार भएको छ । तर नेताहरू प्रचार प्रसार गर्दैनन् । दुई अंकको केन्द्रीय कमिटी बनाउनुपर्छ । नेता कार्यकर्ताहरूबीच अब चुनावमात्र एक विकल्प हो । यसले पार्टीमा काम गर्ने र नगर्नेबीच छुटयाउन सहज हुन्छ ।'

बैठकमा अमर तमुले पनि प्रतिवेदन राम्रो आएको बताए । उनले भने, 'डकुमेन्ट राम्रो आएको छ । डकुमेन्टले समाजवादको चित्र कोर्न सफल भएको छ । हर्क साम्पाङको मोडेलमा माओवादीले काम गर्नुपर्छ । माओवादीबाट लाभको पदमा बसेकाहरूको सम्पत्ति छानविन हुनुपर्छ ।'

सांसदसमेत रहेका माधवप्रसाद सापकोटाले बुधबार बैठकमा १८ जना नेताले धारणा राखेका छन् । आज पनि बिहान ११ बजेपछि बैठक बस्दै छ । बैठकमा अध्यक्ष दाहालले राजनीतिक र सांगठनिक प्रतिवेदन पेस गरिसकेका छन् ।

सो क्रममा अध्यक्ष दाहालले मंसिरमा विधान सम्मेलन गर्ने प्रस्ताव गरेका छन् । त्यसपछि विशेष महाधिवेशन गर्ने उनको प्रस्ताव छ । विधान सम्मेलनअघि तीन महिना भने 'जनतासँग पार्टी अभियान' चलाउने अर्को प्रस्ताव छ ।

देशभरका छ हजार ७४३ वटै वडामा पार्टी कमिटी गठन गरिने र सबै केन्द्रीय सदस्यहरूलाई वडा-वडामा खटाउने उल्लेख छ । यस्तै, प्रदेशको जिम्मेवारी सचिवहरूले लिने पनि प्रतिवेदनमा उल्लेख छ । सबै जातीय मोर्चाले आफ्नो जनसंख्याको १० प्रतिशतलाई पार्टीको संगठित सदस्य बनाउनुपर्ने पनि प्रतिवेदनमा जनाइएको छ ।

# प्रस्तावित तीन राजदूतको संसदीय सुनुवाइ सकियो

**काठमाडौं (प्रस)**– विभिन्न मुलुक र नियोगका लागि सरकारले प्रस्ताव गरेका छ राजदूतमध्ये तीन जनाको संसदीय सुनुवाइ सकिएको छ । संघीय संसद्अन्तर्गतको सार्वजनिक सुनुवाइ समितिको बुधबारको बैठकमा न्युयोर्कस्थित नेपाली स्थायी नियोग, स्वीट्जरल्याण्ड र फ्रान्सका लागि प्रस्तावित राजदूतको संसदीय सुनुवाइ भएको हो ।

बैठकमा न्युयोर्कका लागि प्रस्तावित राजदूत लोकबहादुर थापा, स्वीट्जरल्याण्डका लागि रामप्रसाद सुवेदी र फ्रान्सका लागि प्रस्तावित राजदूत सुधीर भट्टराईले आ-आफ्ना योग्यता, अनुभव, अवधारणा र कार्ययोजना प्रस्तुत गरे । सो क्रममा उनीहरूले आफूलाई खटाएको नियोग र मुलुकबाट उच्चस्तरीय भ्रमण आदानप्रदान गराउने, दुई देशबीचको सम्वन्ध थप सुदृढ तुल्याउन हरसम्भव प्रयत्न गर्ने, आर्थिक कूटनीतिमा जोड दिने, वैदेशिक लगानी भित्र्याउन पहल गर्ने तथा वैदेशिक सहयोग प्राप्त गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए ।

## अनुसन्धानमा...

पृष्ठ १ बाट जारी

हो ? तौल अझै पत्ता लागिसकेको छैन ।

राजस्व अनुसन्धान विभागले अझै सुन भेटिन्छ कि भन्दै छापा हानिरहेको छ । हङकङबाट ल्याएको सुनसहितको 'ब्रेक प्याड'को तौल १५४ किलोग्राम रहेको विभागले जनाएको छ ।

यसमा सुनको मात्र कति भन्ने थाहा पाउन अझै समय लाग्ने देखिन्छ । साउन ३ गते राति समातिएको सुन साउन ४ गते नै नेपाल राष्ट्र बैंकको टक्सार महाशाखामा लगेर राखिएको छ । माहाशाखाले सुन गाल्दा लाइभ देखाउने निर्णय गरिसकेको छ ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUCCESS MANUFACTURING SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/04/१६ LT. No. 290170 चलानी नं. ६०२०५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 15 | 0 | 1500 | ४३६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TANNASR FOOD TRADE CORPORATION

पूर्व स्वीकृति मिति २०७९/०६/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/04/१७ LT. No. 273030 चलानी नं. ६०१८८८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1200 | ४२,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**

श्रम ईजाजत नं. ३११/०५९/०६०

वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FADEL BIN HUSSEIN BIN ALI AL-SADEER GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/04/१७ LT. No. 290238 चलानी नं. ६०२०५५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 11 | 0 | 1000 | ३५०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**

श्रम ईजाजत नं. १४००/०७४/०७५

Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np


# खाँडादेवी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

## नदिजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०४/१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४(१)(च) र प्रदेश आर्थिक ऐन २०७९ को खण्ड ६ को अनुसूची-५ को सि.नं. (२) तथा यस खाँडादेवी गाउँपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ मा ब्यबस्था भए अनुसार खाँडादेवी गाउँपालिकाको २०८०/०४/०९ गते बसेको १२९औं गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम सार्वजनिक खरिद ऐन २०६३ बमोजिम २०७९/८०-२०८०/८१ का लागि गरिएको IEE प्रतिबेदनमा उल्लेखित मध्येबाट तपशिलको बगरबाट नदिजन्य पदार्थको उत्खनन् गरि तोकिएको दरमा बिक्रि गर्ने गरि आ.व. २०८०/८१ को लागि तपशिल बमोजिमको सर्तमा ढुंगा, गिट्टी, वालुवा तोकिएको स्थानवाट उत्खनन् तथा निकासी कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएको हुँदा उल्लेखित न्युनतम ठेक्का अंकमा नघट्ने गरी बोलपत्र आह्वान गरीएको छ। नेपाल सरकार बाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरूको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | कुल जम्मा न्युनतम वर्षिक ठेक्का अंक रु. (मु.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर रु. | संकलन तथा निकासीको परिमाण (घ.फि.) | शुल्क प्रति घन फिट (मु. अ.क. बाहेक) |
|---|---|---|---|---|---|---|
| १.०० | KRM/NCB/ REVENUE/01/2080/81 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials (Stone, Gravel, Aggregate and Sand) of Sunkoshi River in Khandadevi Rural Municipality | ६३,३५,९५४.२४९।- | ३,०००.००।- | ७,०३,९९४.९१७ | रु.९।- |
| २.०० | KRM/NCB/ REVENUE/02/2080/81 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials (Stone, Gravel, Aggregate and Sand) of Tamakoshi River in Khandadevi Rural Municipality | ५२,८३,२८३.५४५।- | ३,०००.००।- | ४,०२,३८७.१६७ ५८७०३१.५०५ | रु.९।- |

१. बोलपत्र फारम को सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np बाट कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
२. बोलपत्र साथ आफ्नो कबोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको लक्ष्मी बैक लि. खाँडादेवी शाखा माकादुम स्थित धरौटी खाता नं. ०८५०३०००१९० मा जम्मा गरेको सक्कल भौचर राखी बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ताको प्रमाणपत्र, बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको लक्ष्मी बैक लि. रहेको आन्तरीक राजस्व खाता नं. ०८५०३००००२६ मा जम्मा गरेको भौचर (रकम फित्ता नहुने) समेत समावेश गर्नुपनेछ । खरिद भएको बोलपत्र स्पष्ट सँग भरी शिलबन्दी लाहाछाप लगाई यो सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र www.bolpatra.gov.np बाट कार्यालमा दर्ता गराईसक्नु पर्नेछ । संशोधन पेश गर्न चाहेमा ३१ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ ।
३. रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरू दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे विभन्न कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिहिरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएतापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन ।
४. रित नपुगि म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
५. ठेक्दारले रकम बुझाउँदा पहिलो किस्ताको रकम ठेक्का अंकमा ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्ता २५ प्रतिशत का दरले विभाजन गरिनेछ । पहिलो किस्ताको रकम सम्झौता अगाडीनै जम्मा गर्नु पर्नेछ । दोश्रो किस्ताको रकम माघको पहिलो साता र अन्ति किस्ता चैत्रको दोश्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ । पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंक ग्यारेण्टी सम्झौता भए बखत पेश गर्नु पर्नेछ ।
६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस खाँडादेवी गाउँपालिकामा सुरक्षित रहेनछ । दर्ता हुन आएका बोलपत्रहरू मध्ये स्वीकृत बोलपत्रलाई सम्झौता गर्न आउन भनी सूचना दिईनेछ । सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचान गर्नु पर्नेछ ।
७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्नेछ । प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्ने छ । मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू.अ. कर रकम किस्ता भुक्तानी संगै अग्रिम रूपमा बुझाउनुपर्नेछ ।
८. बोलपत्र खरिदको अन्ति दिन सार्वजानिक विदा पर्न गएको खण्डमा उक्त कार्यहरू विदा सके लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।
९. कर / शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्नेछ । नगदि रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ ।
१०. गाउँपलिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर / शुल्क असुल गर्नु पर्नेछ । सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाईने छैन । बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिईनेछ । खोलाबाट सामाग्री हरू उत्खनन तथा संकलन गर्दा विहान सूर्यादय पश्चात र बेलुका सुर्यादय अगावै गरिसक्नु पर्नेछ । साथै मापदण्ड विपरित कुनै किसिमको उत्खनन तथा संकलन गर्न पाईनेछैन ।
११. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ ।
१२. ढुङ्गा, गिटि, बालुवा, ग्राभेल जस्ता समाग्री खोलाबाट संकलन गरी यस गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्धी गर्नुपर्नेछ । घाटगद्दी गरिएको ढुङ्गा, गिटि, बालुवा, ग्राभेल जस्ता सामग्रीको परिणाम यस गाउँपालिकाको अनुगमन समितिबाट एकिन गरी विक्री गर्नुपर्नेछ ।
१३. यस ठेक्काको सम्झौता अवधि सम्झौता भएको मितिले २०७९ जेठ मसान्त सम्म कायम हुनेछ ।
१४. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । सम्पर्क नं. ९८६००७५५२५, ९८५४०४३७४०।
१५. यसमा उल्लेख नभएका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## मुख्यमन्त्री थापाले लिए शपथ

# सभामुख पद छाडेका गौतम बने अर्थमन्त्री

**काठमाडौं (प्रस)**– कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री उद्धव थापाले शपथ लिएका छन् । बुधबार एक समारोहबीच उनले प्रदेश प्रमुख पर्शुराम खापुङबाट पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्री थापालाई प्रदेश प्रमुख खापुङले शपथ गराए । मुख्यमन्त्री थापासँगै तीनजना मन्त्रीले पनि शपथ लिएका छन् ।

नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम नवनियुक्त आर्थिक मामिला तथा योजनामन्त्री बाबुराम गौतम, खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री प्रदीपकुमार सुनुवार र भौतिक पूर्वाधार



विकासमन्त्री कमलप्रसाद जवेगुलाई कार्यविभाजनसहित प्रदेश प्रमुख खापुङले सोही समारोहमा पद तथा गोपनीयताको शपथ गराए ।

सरकार गठनका लागि आवश्यक बहुमत पुऱ्याउन सभामुख पद छाडेका गौतमले आर्थिक मामिला मन्त्रालयको जिम्मेवारी पाएका हुन् । यसअघि सभामुखमा रहँदै थापालाई मुख्यमन्त्री बनाउने प्रस्तावमा हस्ताक्षर गरेपछि त्यसविरुद्ध परेको रिटमा सर्वोच्चले संविधानविपरीत भएको भन्दै मुख्यमन्त्री थापाको नियुक्ति बदर गरिदिएको थियो । सर्वोच्चको उक्त फैसलापछि पुनः थापालाई मुख्यमन्त्री बनाउन गौतमले सभामुख पदबाट राजीनामा दिएका हुन् ।

# तामाङ र मगर समुदायको धर्नामा प्रहरी हस्तक्षेप

### अधिवक्ता पाण्डेलाई छाडियो, आन्दोलनकारी थुनामै




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** तामाङ, मगरलगायत समुदायको विषयमा विवादित अभिव्यक्ति दिएकी अधिवक्ता भगवती पाण्डे 'शीतल'लाई पक्राउ गर्न माग गर्दै टेकुस्थित काठमाडौं प्रहरी परिसरमा भएको प्रदर्शनमा प्रहरी हस्तक्षेप भएको छ । नेपाल तामाङ घेदुङ र नेपाल मगर संघको आह्वानमा बुधबार परिसरअघि धर्ना दिन पुगेका आन्दोलनकारीमाथि प्रहरीले हस्तक्षेप गरेपछि झडपमा परिणत भएको थियो ।

प्रहरीले लाठी प्रहार गर्न सुरु गरेसँगै आन्दोलनकारीले जवाफी ढुंगा प्रहार गरेका थिए । यद्यपि, प्रहरीले अश्रुग्याससमेत प्रयोग गरी आन्दोलनकारीलाई तित्तरबितर बनायो । र, करिब ५० जना आन्दोलनकारीलाई पक्राउ गऱ्यो । अधिकांशलाई साँझ छाडे पनि पाँच जनालाई भने हिरासतमै राखेको नेपाल तामाङ घेदुङका महासचिव काजीमान थिङले जानकारी दिए ।

'घेदुङका सचिव सरोजमोहन तामाङ, पूर्वराज्यमन्त्री परशुराम तामाङसहित पाँच जना हिरासतमै हुनुहुन्छ, बाँकीलाई रिहा गरिएको छ,' महासचिव थिङले प्रभावसँग भने ।

शान्तिपूर्ण धर्नामा प्रहरी हस्तक्षेप भएको भन्दै आन्दोलित पक्ष थप आक्रोशित बनेका छन् । पक्राउ गरेकाहरूमाथि प्रहरीले चरम दमन गरेको पक्राउपछि छुटेका कवि चन्द्रवीर तुम्बापोले बताए । 'आदिवासी आन्दोलनलाई असाध्यै ह्युमिलियट गरेको र नपत्याएको देखिन्छ प्रशासनले,' पक्राउ परी साँझ छुट्ने क्रममा तुम्बापोले भने, 'पक्राउ परेका हामीलाई चरम यातना दिने काम भयो । यो मानवअधिकार उल्लंघन मात्रै होइन, लोकतन्त्रकै उपहास हो ।'

विवादित अभिव्यक्ति दिएकी अधिवक्ता पाण्डेलाई प्रहरीले बुधबार बिहान पक्राउ गरेको जानकारी दिइएको थियो । तर, उनलाई साँझ नै रिहा गरिएको प्रहरीले जनाएको छ । काठमाडौं जिल्ला अदालतको आदेशबमोजिम उनलाई रिहा गरिएको हो । तामाङ घेदुङले दिएको जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी जाहेरीमा अदालतले 'माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्नू' भन्ने आदेश दिएको र सोहीअनुसार छाडिएको प्रहरीको भनाइ छ ।

यता आन्दोलित पक्षले भने आफूहरूसँग छलफल नै नगरी पाण्डेलाई रिहा गरेको भन्दै आपत्ति जनाएको छ । यही ६ गते प्राइम टेलिभिजनको चिया गफ कार्यक्रममा पाण्डेले 'तामाङ र मगर जातिमा दाजुबहिनीबीचमा विवाह हुने गरेको र त्यस्तो सम्बन्धबाट जन्मिएको बच्चा अलि कट्टरवादी हुने, एक लाइनको सोच्ने, गर्छु-गर्छु भन्ने खालको जिनको विकास हुने गरेको र अपराध बढ्नुको यो पनि एक कारण रहेको' अभिव्यक्ति दिएकी थिइन् । यसले सिंगो तामाङ, मगरलगायत आदिवासी जनजाति समुदायको आत्मसम्मान र प्रतिष्ठामा गम्भीर चोट पुगेको भन्दै घेदुङ र नेपाल मगर संघले साउन ९ गते जिल्ला प्रहरी परिसर टेकुमा पाण्डेविरुद्ध जाहेरी दिएको थियो ।

लगत्तै साउन १२ गते पाण्डेविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । तर, प्रहरीले पाण्डेलाई पक्राउ गर्न चासो नदेखाएपछि घेदुङ र मगर संघले संयुक्तरूपमा बुधबारका लागि दबाबमूलक धर्ना कार्यक्रम तय गरेका थिए । बुधबारको घटनाबारे आज बिहीबार समीक्षा बैठक राखी थप आन्दोलनका कार्यक्रम तय गरिने घेदुङका महासचिव थिङले बताए ।

# सुदूरपश्चिम सरकारमा थपिए दुई मन्त्री

**सुदूरपश्चिम (प्रस)**– सुदूरपश्चिम प्रदेश सरकारमा दुई जना मन्त्री थपिएका छन् । बुधबार प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको सिफारिसमा प्रदेश प्रमुख देवराज जोशीले नयाँ मन्त्री नियुक्ति र कार्यविभाजन गरेका हुन् ।

बैतडी जिल्लाको प्रदेशसभामा नेपाली कांग्रेसबाट निर्वाचित शिवराज भट्ट आन्तरिक मामिला तथा कानुनमन्त्री र कैलाली जिल्लाको प्रदेशसभामा नागरिक उन्मुक्ति पार्टीबाट निर्वाचित रामेश्वर चौधरी भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रीमा नियुक्त भएका छन् ।



यसैगरी कैलालीको प्रदेशसभामा निर्वाचित नागरिक उन्मुक्ति पार्टीकै कैलाश चौधरी, भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीमा नियुक्ति भएका छन् । प्रदेश प्रमुखको कार्यालयमा आयोजित समारोहमा प्रदेश प्रमुख जोशीले नवनियुक्त आन्तरिक मामिला तथा कानुनमन्त्री र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराए ।

सोही समारोहमा मुख्यमन्त्री शाहले नवनियुक्त भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री कैलाश चौधरीलाई पद तथा गोपनीयताको शपथ गराए । गत माघ २७ गते गठन भएको सुदूरपश्चिम प्रदेशको मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम नियुक्ति र कार्यविभाजन गरिएको छ ।

मुख्यमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेता शाहले यसअघि गत माघ २७ गते कांग्रेससहितका सत्ता साझेदार नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका प्रदेशसभा सदस्यलाई समेटेर मन्त्रिपरिषद् गठन गरेका थिए ।

### कोठा खाली गर्ने सम्बन्धी ७ दिने सूचना

ललितपुर महानगरपालिका वडा नं. १४, तिखिदेवल स्थित कि.नं. ३३६, ३३९ र ३४४ मा बनेको मेरो घरमा तपाई श्री आइते बहादुर रानाले कोठा भाडामा लिई गत ९-१० महिना देखि बस्दै आउनु भएकोमा पटक पटक ताकेता गर्दा पनि कोठा भाडा नबुझाउनु भएकोले उक्त कोठा खाली गर्न यो ७ दिने सूचना जारी गरिएको छ । सो समयभित्र कोठा खाली नगर्नु भएमा कानुन बमोजिम कार्यवाही गरिने व्यहोरा जानकारी गराउँदछु ।

**घर धनी**
**हेम राज गुरुङ ९८१५१५२४३८**
**ललितपुर**

### कोठा खाली गर्ने सम्बन्धी ७ दिने सूचना

ललितपुर महानगरपालिका वडा नं. १४, थसीखेल स्थित कि.नं. २७४ मा बनेको मेरो घरमा तपाई आशा जोशीले कोठा भाडामा लिई बस्दै आउनु भएकोमा विगत २ वर्षदेखि कुनै सम्पर्क नभएको र कोठामा चाबी लगाई हिड्नु भएकोले उक्त कोठा खाली गर्न यो ७ दिने सूचना जारी गरिएको छ । सो समयभित्र कोठा खाली नगर्नु भएमा कानुन बमोजिम कार्वाही गरिने व्यहोरा जानकारी गराउँदछु ।

**घर धनी**
**मीना श्रेष्ठ ९८४१९७४६३७**
**ललितपुर**


## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : LIBERTY GRAND**

पूर्व स्वीकृति मिति २०८०/०२/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ | LT. No. 287507 | चलानी नं. ६०२०२९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | 15 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : APOGEE ENGINEERING & TECHNICAL SERVICES CO.WLL**

पूर्व स्वीकृति मिति: २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ | LT. No. 286856 | चलानी नं. ६०२०२३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 3 | 0 | 1800 | ६५,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TARGET — Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : UPP PAPER INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०८/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१६ | LT. No. 277713 | चलानी नं. ६०१९३२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता:** रु.२,००२/- कामदार आफैले
**सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 277713 मिति: २०८०/०४/१७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## फ्रि भिषा !! फ्रि टिकट !!

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PRODUCTIVE SUMMIT SDN BHD**

पूर्व स्वीकृति मिति: २०८०/०४/१६ | LT. No. 290232 | चलानी नं. ६०२०५३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## बहराईनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NEW DIMENSION CONTRACTING**

पूर्व स्वीकृति मिति २०८०/०४/१४ | LT. No. 289986 | चलानी नं. ६०२०५३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker/cleaner | 50 | 0 | 100 | ३४,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : INTERNATIONAL 360 SECURITY SERVICES WLL**

पूर्व स्वीकृति मिति २०८०/०४/१४ | LT. No. 289985 | चलानी नं. ६०२०५३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guard | 40 | 0 | 120 | ४१,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th. Aug. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: रुपन्देही, बुट्वल, ट्राफिक चोक ८ मा मिति: २०८० साउन २६ गते (11th. Aug. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: भरतपुर, चितवन, रेड कार्पेट होटलमा मिति: २०८० साउन २८ गते (13th. Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BRITISH INTERNATIONAL GROUP FOR PROJECT MANAGMENT AND EDUCATIONAL SERVICES COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ | LT. No. 289652 | चलानी नं. ६०२०४१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 50 | 40 | 85 | ३६,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : METRO SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### 'लम्पी स्किन'लाई महामारी घोषणा गर

गाईभैँसीमा लाग्ने 'लम्पी स्किन' रोगको प्रकोपले ठूलो क्षति पुऱ्याइरहेको छ । देशभरका किसान यसबाट प्रभावित भएका छन् । 'क्याप्री पक्स' नामक भाइरस संक्रमणका कारण लम्पी स्किन रोगको प्रकोप देशव्यापी फैलिएको हो । लम्पी स्किनका रोगको संक्रमणका कारण गाउँदेखि सहरी क्षेत्रका गाईभैँसी धमाधम मर्न थालेका छन् । सयौं गाईवस्तुमा यो रोगको संक्रमण देखिन थाल्नु चिन्ताको विषय बनेको छ । ७७ जिल्लामै यो रोग फैलिएको छ । हालसम्म ११ लाख बढी पशु यस रोगबाट संक्रमित भएका छन् । लम्पी स्किन संक्रमणका कारण मरेका पशुको संख्या हजारौं पुग्दा पनि सरकारले खासै प्रभावकारी कार्यक्रम ल्याउन सकेको छैन ।

विभिन्न जिल्लामा खोप अभियान चलाउने भनिए पनि यसलाई प्रभावकारी बनाउन सकेको छैन । सरकारले लम्पी स्किनबाट प्रभावित किसानलाई राहत दिने तयारी गरेको बताइए पनि औपचारिक घोषणा गर्न सकेको छैन । पशु धन कृषिपछिकै प्रमुख धन हो । पशुमा भएको लगानीबाट दूध उत्पादन, मासु उत्पादन खेतीमा योगदानसमेत हुन्छ । यसको असर अहिल्यै नदेखिए पनि अर्को वर्षहरूमा यसको प्रभाव देखिनेछ । लम्पी स्किन रोगको संक्रमण भैँसीको तुलनामा गाईगोरुमा बढी देखिने गरेको पाइएको छ ।

यो रोगले दूध उत्पादनमासमेत कमी हुने चिकित्सकहरू बताउँछन् । ८० प्रतिशतसम्म घट्दा कृषकलाई ठूलो आर्थिक क्षति पुग्छ । पशुपालन किसानको आर्थिक आम्दानीको एक प्रमुख स्रोत हो । पशुपालनबाट नगदमात्र हैन खेतीपातीका लागि चाहिने मलसमेत उत्पादन गर्छ । पशु चिकित्सक अनन्त कोइरालाका अनुसार लम्पी स्किन रोग 'जुनोटिक डिजिज' नभएकाले संक्रमित पशुको दूध सेवन गर्न सकिन्छ ।

यो रोग केवल गाईभैँसीमा मात्र सर्ने भएकाले सामान्य अवस्थामा जस्तै दूध उमालेर खान सकिन्छ । तर, गाईवस्तु बिरामी भएपछि दूध उत्पादनमै कमी आउँछ । रोग नियन्त्रण गर्न गोठको सरसफाइ, भकारो व्यवस्थापन र चरन क्षेत्रको ख्याल गर्नुपर्ने हुन्छ । तर, सरकारले यो रोगको उपचारका लागि आवश्यक औषधि र जनशक्तिको व्यवस्था गर्न सकेको छैन । रोग लाग्न नदिन खोप लगाउन सकिन्छ तर संक्रमित पशुमा खोप लगाउन मिल्दैन । त्यसैले सरकारले पशुपालनमा लागेका किसानलाई यस्तो मारबाट जोगाउन तत्काल यो रोगलाई महामारी घोषणा गरेर विशेष कार्यक्रम ल्याउनुपर्छ । संक्रमित पशुको व्यवस्थापन र खोप तत्काल प्रबन्ध गरी सरकारले आर्थिक मन्दी लागेको बेला किसानको क्षति कम गराउनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'


विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । क्रमशः



# पाँच वर्षमा सबैलाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याइनेछ

**मोहनबहादुर बस्नेत**
मन्त्री, स्वास्थ्य तथा जनसंख्या

*नेपाली कांग्रेसका नेता **मोहनबहादुर बस्नेत** हाल स्वास्थ्य तथा जनसंख्यामन्त्री छन् । सिन्धुपाल्चोकबाट प्रतिनिधिसभामा पटक-पटक निर्वाचित हुँदै आएका उनी विपद्मा होस् वा कुनै नागरिक अप्ठ्यारोमा परेका बेला होस् कार्यस्थलमा रातदिन अरोरात्र खट्ने नेताका रूपमा परिचित छन् । झण्डै २२ वर्षअघि स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारी सम्हालेका उनी हाल स्वास्थ्यमन्त्री भएका छन् । उनले यस अवधिमा दुई वर्षभित्रमा गरिब तथा विपन्न नागरिकलाई र पाँच वर्षभित्र सबैलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने महत्वाकांक्षी कार्यको घोषणा गरी कार्यान्वयनको सुरूआत गरेको बताएका छन् । प्रस्तुत छ, मन्त्री बस्नेतसँग स्वास्थ्य क्षेत्रका यिनै विषयमा केन्द्रित रहेर राष्ट्रिय समाचार समिति (रासस) का प्रमुख समाचारदाता **उत्तम सिलवाल** र वरिष्ठ समाचारदाता **भीष्मराज ओझा**ले गरेको कुराकानीः*

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वयं स्वस्थ, चुस्त दुरुस्त एवं जनमुखी बन्ने क्रममा अहिले के गर्दै छ ?**

म यो मन्त्रालयमा आएको अढाइ महिना भयो । झण्डै २२ वर्षअघि यही मन्त्रालयमा राज्यमन्त्री भएर आएको थिएँ । यस मन्त्रालयको बारेमा पूर्वजानकारी भएकाले बहाली भएकै दिन सुधारका कार्य प्रारम्भ गरें । मन्त्रालयको परिसर नै फोहोर र अव्यस्थित देखेपछि १५ दिनभित्र सरसफाइ गरेर कालोपत्रेसमेत गर्न लगाएँ । हरेक अस्पतालमा १० प्रतिशत शयचा गरिब र विपन्नलाई निःशुल्क उपचारको सेवासहित दिनुपर्ने सम्झौतालाई व्यवहारमा कार्यान्वयन गर्न लगाएँ । संघीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतका १६ अस्पतालमा अहिले तीन हजार ५२३ शयचा छुटचाइ उपचार सुरु भएको छ ।

यसबाहेक अस्पतालका बहिरंग सेवामा अनलाइनबाट टिकटको व्यवस्था गर्न लगाइएको छ । अतिविशिष्ट र विशिष्ट व्यक्तिको स्वदेशमै उपचार गर्नका लागि वीर अस्पतालमा विशेषज्ञ चिकित्सकको टोली बनाई सुविधा सम्पन्न क्याबिनको संख्या पनि बढाएका छौं । नागरिकको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वीर अस्पतालमा अब बहिरंग सेवा बिहान ८ बजेदेखि नै सुरु गरेका छौं ।

औषधि पसलमा विभिन्न विकृति देखिएको बेथिति भन्ने व्यापक गुनासो आएपछि अनुगमन बढाएका छौं । काठमाडौं उपत्यकामा १०१ वटा औषधि पसलमा अनुगमन गर्दा एक पसलले मात्र मापदण्डको पूर्णपालना गरेको देखियो । हामीले कार्यस्थलमै दण्ड सजाय गर्ने र पुरस्कृत गर्ने गऱ्यौं । देशभरि नै हामीले यो अनुगमन सुरु गरेका छौं । आगामी दुई वर्षमा न्यून आय भएका गरिब र विपन्न जनतालाई स्वास्थ्य सेवा निःशुल्क गराउँछौं । पाँच वर्षभित्रमा सबै नेपालीलाई संविधानले उल्लेख गरेअनुसारको स्वास्थ्य सेवासम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने गरी पृष्ठभूमि तयार गर्छौं ।

**आमजनतासँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवालाई अझ गुणस्तरीय, जनमुखी, सर्वसुलभ र विश्वसनीय बनाउन सरकारी सेवासागै निजी क्षेत्रलाई कसरी समेट्दै हुनुहुन्छ ?**

सबै अस्पतालमा नियमन र अनुगमन गर्ने संयन्त्र सबल बनाएका छौं । विभिन्न अनुगमन टोली बनाएर यसलाई तीव्रता दिएका छौं । सरकारी वा निजी सबै अस्पतालमा थिति र विधिभित्र रहेर काम गर्ने वातावरण बनाउँछौं । सबै अस्पतालमा १० प्रतिशत शयचा निःशुल्क गर्ने अभियानका विषयमा हामीले नपुग्ने सहयोग मन्त्रालयले गर्ने भनेका छौं । बजेटको सिलिङ घटेर आएको छ । उपलब्ध बजेट सदुपयोग गरेर आधारभूत सेवा निःशुल्क प्रदान गर्न तयार छौं । पछिल्लो समय निजी क्षेत्रले पनि सहयोग गरेका छन् । निजी अस्पतालले गर्ने स्वास्थ्य जाँच शुल्कमा महँगो भयो भन्ने गुनासोका सम्बन्धमा एउटै दर हुनुपर्छ भनी परामर्श गरिरहेका छौं । मेसिन महँगो किनेको छ भनेर नागरिकसँग बढी शुल्क लिन पाइँदैन । त्यस्ता अस्पताल र ल्याबमा फरक परेका दर र उपकरणका बारेमा अनुगमन गर्न थालेको छौं ।

**मन्त्रालयको नेतृत्व गर्दै जाँदा साधन स्रोत, ऐन-कानुन, केन्द्र-प्रदेशदेखि पालिका तहसम्मको संगठन संरचना र कार्ययोजनामा के-के चुनौती छन् र कसरी समाधान गर्नुहुन्छ ?**

मन्त्रालयले लामो समयदेखि बनाएको स्वास्थ्य रणनीति र स्वास्थ्य वित्त रणनीति बनाएको थियो । तर, मन्त्रिपरिषद्बाट पारित भएको थिएन । म आएपछि दुवै रणनीति पारित भएको छ । अब हामीलाई काम गर्न सहज भएको छ । अन्य आवश्यक कानुन पनि बनाइरहेका छौं । अर्को कुरा मन्त्रालयमा सामान खरिद प्रक्रियामा विकृति थियो । आवश्यकताभन्दा बढी सामान खरिद गर्ने, त्यसैमा रमाउने र यसमा बेथिति भयो भनेर गुनासो आइरहने थियो ।

आफ्नै अस्पतालमा चलिरहेको उपकरण पनि फाजिलमा राखेर नयाँ उपकरण खरिद गर्ने चलन रहेछ । मैले त्यसको सुइँको पाएपछि देशभर छापामार शैलीमा हेर्न लगाए । नभन्दै त्यस्तै पाइयो । त्यसपछि हामीले बैठक राखेर छानबिन गर्न लगायौं । छानबिन प्रतिवेदनको सुझावसहित सम्बन्धित अस्पतालमा पठाइदियौं । अब खरिद प्रक्रियामा सुधार भएको छ ।

पहुँचवाला कर्मचारीहरूले अनावश्यक रूपमा केन्द्रीय राजधानी होस्, प्रदेशका राजधानी होस् वा सुविधा सम्पन्न सहरमा काजमा बस्ने गरेको बेथिति रहेछ । दशकौंदेखि काजमा बसेका कर्मचारीमात्र ८०० थिए । कसैले नचलाउने थप्ने मात्र । म आएपछि पनि थप्न खोजियो । तर मैले मानिन । हामीले यो बेथितिलाई रोक्न काज फिर्ता गर्ने, दुर्गम गाउँमा चिकित्सक र स्वास्थ्यकर्मी पठाउने काम सुरु गरेका छौं । सुरुमा दिनहरूमा मलाई धेरै गाह्रो भयो । मैले प्रतिनिधिसभा बैठकमै कृपया यसरी सिफारिस नगरिदिनुहोला भनैं र मन्त्रिपरिषद् बैठकमा पनि मैले यो कुरा भनैं । प्रधानमन्त्रीज्यूले 'गो अहेड' भन्दै तपाईंले गर्नुभएको काम राम्रो छ भन्नुभयो । प्रधानमन्त्रीज्यू र अन्य नेताहरूको भनाइ र हौसलाले मलाई काम गर्न बढी अभिप्रेरित गरेको छ । अबको १५ देखि २० दिनभित्र सयौं चिकित्सक र स्वास्थ्यकर्मीलाई गाउँगाउँमा पठाइसक्छौं ।

**नेपाल सरकारले सुरू गरेको स्वास्थ्य बिमा कार्यक्रमले लोकप्रियता प्राप्त गऱ्यो तर यसको प्रक्रिया झण्झटिलो छ भन्ने सेवाग्राहीको गुनासोका सन्दर्भमा के भन्नुहुन्छ ?**

स्वास्थ्य बिमा कार्यक्रम स्वास्थ्य सेवा निःशुल्क गर्ने विषयमा महत्त्वपूर्ण कार्यक्रम हो । तर, मैले यसमा पनि बेथिति पाएँ । सुरुमा एकथरि मेडिकल कलेज र अस्पतालहरूले आफूहरूलाई यो बिमा कार्यक्रम चाहिँदैन भनेर लेखेर नै दिएका रहेछन् । अहिले यसमा बाहिर कराइरहेका व्यक्ति तिनै हुन् । यो बिमा सेवा कसैलाई दिँदा वा रकम समयमा तिर्दा कसैलाई दिने कसैलाई नदिने विकृति पनि रहेछ । औषधि पनि भनेको बेला कहीँ पाइने कहीँ नपाइने विकृति रहेछ । सही ढंगले बिमाको सुविधा नपाएपछि त्यसको प्रभावकारी रहेन । यसमा पक्षपात भएको सूचना हामीले पाएपछि यसमा पनि छानबिन गर्नुपर्ने देखेका छौं ।

दोस्रो बिमा सेवामा पाउने सुविधा निःशुल्क आधारभूत सेवा उपलब्ध गराइदिने हो । तर, बिमा सेवा पाउनेको नाममा चिकित्सकको सल्लाहमा फर्जी बिल बनाएर दुरूपयोग गरेको हामीले सुनेपछि यसमा पनि छानबिन गर्नुपर्ने देखिएको छ । कुनै संयन्त्र चाहिएला नि । हाल अर्थ मन्त्रालयबाट बजेटमा निजी अस्पताललाई बिमा सुविधा नदिने व्यवस्था उल्लेख भएपछि निजी क्षेत्र उत्साहित हुने अवस्था आएन । बिमा भएका अस्पतालमा बढी बिरामी आउँदा रहेछन् । बिमा बोर्डका अधिकारीले केही हदसम्म निष्पक्ष रूपमा काम गरेको देखिएन । यसमा हामी गृहकार्य गरिरहेका छौं ।

गलत तरिकाले बिरामीलाई दिने चिकित्सकीय सिफारिसको अनुगमन गर्ने विषयमा पनि छलफल गरिरहका छौं । बिमाका सम्बन्धमा मेरो व्यक्तिगत धारणा त सरकारी अस्पताललाई ६० प्रतिशत र निजी अस्पताललाई ४० प्रतिशत दिने गरी जानुपर्छ भन्ने थियो । तर, यही बीचमा बजेट आएपछि हामीले त्यसमा भएको व्यवस्थाको पालना गर्नैपऱ्यो । यसमा थिति बसालेर अघि बढ्ने हो । हामीले अब बिरामीलाई दिइने अनावश्यक चिकित्सकीय सिफारिसको पनि अडिट गर्ने व्यवस्था गर्न गृहकार्य गर्दै छौं ।

**विभिन्न विपद्मा परी घाइते हुने बिरामीको उपचारमा मन्त्रालयले के कसरी उपचारमा सहयोग गर्छ ? र मनसुनको समयमा फैलिएको डेंगुलगायतका संक्रमण रोग नियन्त्रण र उपचारमा मन्त्रालयले के गरिरहेको छ ?**

पहिलो कुरा त बाढी पहिरोलगायत कुनै पनि विपद्मा घाइते हुने हरेक नागरिकको हामी निःशुल्क उपचार गरिदिन्छौं, बजेट होस् वा नहोस् उपचारको जिम्मा मैले लिन्छु । मैले जिम्मा लिएर यस्ता धेरै बिरामीको उपचार गरेको छु । त्यतिमात्र होइन, द्वन्द्वका बेला घाइते भएका र शरीरमा गोली रहेका व्यक्तिसमेत उपचारका लागि आएका छन् । ती मान्छेलाई पनि हामीले व्यवस्था गरेका छौं । अहिले मन्त्रालय निःशुल्क उपचार गर्ने सरकारी अस्पताल जस्तो भएको छ ।

डेंगु रोग संक्रमणका सम्बन्धमा कोशी प्रदेश र सो क्षेत्रमा स्वास्थ्यकर्मी टोली औषधिसहित पठाएर भटाभट काम भइरहेको छ । हाम्रो समन्वयमा बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानले पनि मोबाइल टोली परिचालन गरी उपचार गरिरहेको छ । संक्रमण बढेका स्थानमा प्रभावित क्षेत्र घोषणा गरेर स्थानीय सरकारको सहभागितामा सचेतना कार्यक्रम अभियान पनि सुरु गरेका छौं । यसमा सरोकारवाला सबैको सहभागिता बढेको छ ।

**संविधानले स्वास्थ्य सेवालाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ र यसलाई कार्यान्वयन गर्न यहाँ दृढतापूर्वक लाग्नुभएको पनि छ । मौजुदा जनशक्ति, बजेट र पूर्वाधारबाट यो सम्भव छ त ?**

यो काम सजिलो छैन, महत्त्वाकांक्षी विषय पनि हो । हाल मन्त्रालयको ४० प्रतिशत बजेट कटौती भएको छ । बल्लबल्ल १० अर्ब ११ करोड रूपैयाँ थमायौं । त्यसमा पनि अब २० प्रतिशत अझै बाँकी छ । तर साहस र बुद्धि भयो भने थोरै साधन स्रोतले धेरै काम गर्न सकिन्छ । निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि छुट्टै बजेट थिएन । तैपनि हामीले काम गरिरहेका छौं । जुन ठाउँमा लगानीको परिणाम आएको छैन, त्यसबाट राम्रा र अत्यावश्वक काममा बजेट लगाउँछौं । बेथिति र चुहावट रोक्छौं । राम्रा काममा हामीले दातृ राष्ट्र र दातृ निकायको सहयोग पनि लिन सक्छौं ।

अर्को कुरा यसमा विशेष बजेट खोज्नु पर्दैन । सूर्तीजन्य पदार्थमा लगाइएको करबाट अहिले नै छ अर्ब रूपैयाँ उठ्ने गरेको छ । एउटा उदाहरण इजरायलमा सूर्तीजन्य पदार्थमा ८५ प्रतिशत कर लगाइएको छ । विश्व स्वास्थ्य संगठनले नै ७५ प्रतिशत कर लगाउन भनेको छ । हामीले पनि सूर्तीजन्य पदार्थमा कर किन नबढाउने ? सूर्तीजन्य पदार्थ, धूमपान, मध्यपान, गुलियो पेयपदार्थ, जंक फुड वस्तुमा कर बढाउँदा कसैलाई आपत्ति हुँदैन । यसमा ७५ प्रतिशत कर लगाउने हो भने मन्त्रालयलाई आउने बजेटको आधा रकम त यसैबाट उठ्छ ।

स्वास्थ्यमा हितकर नभएका यी वस्तुमा बढी कर लिँदा एकातिर राजस्व बढी उठ्छ । अर्कोतिर महँगो भयो भने खपत कम हुन्छ र यसबाट स्वास्थ्यमा पर्ने असर पनि कम हुन्छ । यो राम्रो काम हो, यसमा म लाग्छु, सबैको साथ सहयोग पाउँछु र यो कार्यान्वयन हुन्छ भन्नेमा म आशावादी छु । बिमा सेवालाई पनि प्रभावकारी लागू गर्ने हो भने पनि यसले पनि धेरै सहयोग पुग्छ । मन्त्रालयमा जति दिन काम गर्छु, मेरो पालामा यसका लागि जग बसाल्छु ।

**तपाईं नेपाली कांग्रेसको प्रभावशाली नेता पनि हो, हालै कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक सम्पन्न भएको छ, पार्टीले गत निर्वाचनमा जारी गरेको प्रतिबद्धता पत्रअनुसार स्वास्थ्यका कार्यक्रम कसरी लागू हुन्छन् ?**

कांग्रेसको घोषणापत्रमा संविधानले उल्लेख गरेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क कार्यान्वयन गर्नुपर्छ भन्ने व्यक्ति म नै हो । म यसैमा पनि लागेको छु । मैले पार्टीको बैठकमा पनि यो निःशुल्क गर्नैपर्छ, समय कति लिने हो त्यो कुरा बेग्लै हो भनेको थिएँ । मेरो चाहिँ दुई वर्षमा गरिब र विपन्नलाई तथा पाँच वर्षमा सबैलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गर्नुपर्छ भन्ने दृष्टिकोण छ भनेको थिएँ । म शिक्षाको क्षेत्रमा पनि धेरै काम गरेको व्यक्ति हुँ । जिल्लामा मैले एसएलसीसम्म निःशुल्क हुनुपर्छ भनेर अभियान सुरुआत गरेको व्यक्ति हुँ । हाल १२ कक्षासम्म निःशुल्क हुनुपर्छ भनेर अभियान सुरु गरी सिन्धुपाल्चोकका तीन पालिकामा यो अभियान सुरु गरिसकेका छौं । स्वास्थ्य र शिक्षालाई सँगसँगै लैजानुपर्छ, यसमा कांग्रेस पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।

# सुदूरपश्चिममा एक हजार ६०० मा डेंगु संक्रमण

**बैतडी–** सुदूरपश्चिम प्रदेशमा डेंगुबाट एक हजार ६०० भन्दा बढीमा संक्रमण भएको छ । सन् २०२२ र २०२३ मा गरेर एक हजार ६१४ जनामा संक्रमण पुष्टि भइसकेको स्वास्थ्य निर्देशनालय सुदूरपश्चिम प्रदेशले जनाएको छ ।

यस प्रदेशमा सन् २०२३ को सुरुआतदेखि हालसम्म ३२५ जनामा संक्रमण देखिएको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग नियन्त्रण सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिए । उनका अनुसार सबैभन्दा बढी पहाडी जिल्ला दार्चुलामा १९१ जनामा संक्रमण पुष्टि भइसकेको छ । यस्तै कञ्चनपुरमा ५७, अछाममा ३१, कैलालीमा २४, बझाङमा छ, बैतडीमा पाँच, डोटीमा पाँच, बाजुरामा चार र डडेलधुरामा दुई जनामा संक्रमण देखिएको हो । संक्रमणका कारण यस वर्ष मृत्यु भने शून्य छ ।

यसअघि गत वर्ष यस प्रदेशमा एक हजार २८९ जनामा संक्रमण देखिएकामा तीन जनाको मृत्यु भएको थियो । लामखुट्टेको टोकाइबाट हुने डेंगु गर्मी र वर्षात्को समयमा हुने भएकाले बिरामीको संख्या बढ्दै गएको जोशीले बताए । उनले भने, 'गर्मी र वर्षात्मा संक्रमण बढी देखिने गरेको छ, असोजसम्म बढी जोखिम हुन्छ ।'

जोखिम कम गर्न निर्देशनालयले प्राविधिक सहजीकरण, कीट आपूर्ति र बिरामी व्यवस्थापनमा सहयोग गर्ने गरेको छ । स्थानीय तहहरूले उक्त रोग नियन्त्रणका लागि 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरिरहेका जोशीले बताए ।

तराईका जिल्लामा बढी हुने डेंगु संक्रमण पछिल्लो समय पहाडमा पनि फैलिँदै गएको छ । निर्देशनालयको तथ्यांकले पहाडी जिल्लामा पनि डेंगुको जोखिम बढेको देखिएको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेशप्रसाद भट्टले जानकारी दिए । तराईबाट लामखुट्टे पहाड उक्लिएकाले पहाडमा पनि जोखिम बढेको छ । उनले भने, 'लामखुट्टे पहाडमा पनि देखिन थालेपछि पहाडी जिल्लामा पनि संक्रमण बढ्दै गएको छ, पहाडी जिल्लामा पनि संक्रमितलाई अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने अवस्था छ ।'

वर्षात्मा दैनिकरूपमा डेंगुका बिरामी बढ्दै गएपछि प्रदेशभरि डेंगु संक्रमण फैलाउने लामखुट्टे नष्ट गर्ने र सरसफाइ अभियानका साथै सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको छ । डेंगु भएमा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि डेंगुका लक्षण देखापर्ने गर्दछन् ।

यसका साथै गम्भीर प्रकृतिको डेंगु संक्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार वान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट तथा खुट्टा सुनिनेजस्ता लक्षण देखापर्ने निर्देशनालयले जनाएको छ । *रासस*

# रोल्पामा खम्बा गाडेको पाँच वर्षसम्म बलेन बिजुली

**रोल्पा–** सुनछहरी गाउँपालिका-२ भित्रीगाममा विद्युत्का खम्बा गाडेको पाँच वर्षसम्म पनि बिजुली बलेको छैन । अन्धकार गाउँमा खम्बा गाड्न थालेपछि बिजुली आउने भयो भन्दै हौसिएका स्थानीय पाँच वर्षसम्म बिजुली नबल्दा निरास भएका छन् ।

'वडा नं २ का करिब ४०० घरधुरीमा विद्युत् विस्तार गर्ने योजनानुसार पाँच वर्षअघिदेखि काम थालनी भए पनि अहिलेसम्म बिजुली बाल्न पाएका छैनौं,' स्थानीय अमन बुढामगरले भने, 'खम्बा गाडेर तार झुन्ड्याएको छ, सुरुसुरुमा विद्युत् आउने आशा लाग्थ्यो, अब आशा पनि मर्न लागिसक्यो ।'

झिमुक जलविद्युत् आयोजनाअन्तर्गत केन्द्रीय प्रसारणलाइनबाट उक्त लाइन विस्तार गर्न लागिएको हो । विद्युत् विस्तारको जिम्मा लिएको मुख्य निर्माण कम्पनीले साना-साना निर्माण व्यवसायीलाई काम दिँदा योजना निर्माणमा ढिलाइ भएको स्थानीयको भनाइ छ । पेटीमा काम दिँदा समयमै विद्युत् विस्तार हुन नसकेको स्थानीय मनपती विकले बताए ।

जनआवाज प्राथमिक विद्यालय झेल्कुङका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका विकका अनुसार विद्युत् नहुँदा विद्यार्थीको पढाइ प्रभावित भएको छ । 'हुनेखानेको घरमा सोलार छ, त्यसैको उज्यालोले काम चल्छ, गरिब विपन्नको घर सधैं अन्धकार हुन्छ,' उनले भने, 'सोलारले पनि कहिले काम गर्ने कहिले नगर्ने समस्या भइरहन्छ ।'

भित्रीगाम रोल्पाको सबैभन्दा दुर्गम वडा हो । जिल्ला सदरमुकाम लिवाङबाट २८ कोश टाढा रहेको उक्त वडामा सुनछहरी गाउँपालिको केन्द्र पोवाङबाट समेत एक दिनको पैदलयात्रा गर्नुपर्छ । जिल्लाका अधिकांश वडा कार्यालयसम्म सडक सञ्जाल जोडिए पनि सो वडामा अझैसम्म सडक सञ्जाल जोडिएको छैन । विद्युत्, सडकमात्रै होइन उक्त वडा शिक्षा, स्वास्थ्यजस्ता आधारभूत र अत्यावश्यक सेवाबाटसमेत टाढा छ ।

माध्यमिक तहको विद्यालय नहुँदा यहाँका विद्यार्थी पाँच घण्टा पैदलयात्रा गरी अर्को वडामा रहेको विद्यालयमा अध्ययन गर्न जाने गर्दछन् । मगर र दलित समुदायको बाहुल्यता भएको सो वडा स्वास्थ्य सुविधाबाट समेत वञ्चित छ । वडामा दुई सामुदायिक स्वास्थ्य एकाइ रहे पनि स्वास्थ्यचौकीको सेवा लिन पाँच घण्टाको पैदलयात्रा गरेर बाहिरी गाम जानुपर्छ । *रासस*

## बीमालेख हरायो

मिति २०८०/०१/०१ गते, वानेश्वरबाट कालीमाटी जादै गर्दा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रोशन पुरी**
**बीमालेख नं : २५२१०००८७**
**Life Insurance Corporation Nepal Ltd**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं : ९८५१०४८७५२**

## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०४/१८

यस कम्पनीको मिति २०८०/०४/१० मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रिषा आई.भि.एफ. नेपाल प्रा.लि. (प्रा.लि. नं. २८७४१९** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्यासिफिक आई.भि.एफ. सेन्टर प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT
पुर्व स्वीकृति मिति : २०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 268801 चलानी नं.६०१८४५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४०,७७० | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

कम्पनी : ARGAN ALBIDA'A HOTEL AND RESORT
पुर्व स्वीकृति मिति :२०७९/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 265835 चलानी नं.६०१८१७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 5 | 0 | 125 | ५०,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | HK Attendant | 10 | 10 | 100 | ४०,७७० | | | | | | | |
| 3 | Life Guard | 5 | 0 | 125 | ५०,९६५ | | | | | | | |

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY
पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SERENA CLEANING HOSPITALITY & CONTRACTING WLL
पूर्व स्वीकृति मिति : २०८०/०३/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 288919 चलानी नं.६०२०४२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 1 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३६,०४० | | | | | | | |
| 4 | General Supervisor | 1 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 6 | Mason | 10 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 7 | Plaster Worker | 2 | 0 | 1200 | ४३,२५० | | | | | | | |
| 8 | Representative | 4 | 0 | 2200 | ७९,२९५ | | | | | | | |
| 9 | Gen Clean Worker | 0 | 1 | 1100 | ३९,६४५ | | | | | | | |
| 10 | Gen Clean Worker | 16 | 0 | 1000 | ३६,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापचन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUWAIT EXPORTS GENERAL TRADING AND CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०८०/०४/१७ LT No :290261 चलानी नं. ६०२०५५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 100 | ४२,७६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Manager/supervisor | 0 | 2 | 250 | १०६,९२० | | | | | | | |
| 3 | Spa Therapist | 0 | 2 | 150 | ६४,१५० | | | | | | | |

कम्पनी : BAREFOOT BEAUTY SALON FOR LADIES CO
पूर्व स्वीकृति मिति : २०७९/११/१७ पुन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 281786 चलानी नं.६०१९७३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,६०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 1 | 150 | ६४,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JABAL AL-SUMAN GENERAL CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०८०/०३/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 289376 चलानी नं. ६०२०४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BANI AL JAZEERA CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति २०८०/०३/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 289333 चलानी नं. ६०२०४६८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE FACTORY IS SAMI ABDUL RAHMAN MUHAMMAD AL-LUHAIDAN INDUSTRY
पुर्व स्वीकृति मिति २०८०/०२/३१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 287733 चलानी नं. ६०२०३१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 5 | 0 | 1800 | ६३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP
पुर्व स्वीकृति मिति २०८०/०४/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 289726 चलानी नं. ६०२०४९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA ALKHALIJ DECORE
पुर्व स्वीकृति मिति: २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT No :278757 चलानी नं. ६०१९४२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५
**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENT PALACE HOTEL LLC
पूर्व स्वीकृति मिति २०७८/०९/११ पुन: विज्ञापन स्वीकृति मिति २०८०/०४/१६ LT. No. 254704 चलानी नं.६०१७४९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 11 | 0 | 1200 | ४२,९९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Tailor | 2 | 0 | 1500 | ५३,७४० | | | | | | | |
| 3 | Barman | 8 | 0 | 1500 | ५३,७४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: कास्की, नागढुंगा ८ पोखरा, जनप्रिय थकाली होटलमा मिति: २०८० साउन २५ गते (10th Aug. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: ईटहरी, सुनसरी, होटल इनटरिस्ट प्यालेस मा मिति: २०८० साउन २६ गते (11th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 254704 मिति: २०८०/०४/१७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFAQCOM CO LTD IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७९/०२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ LT. No. 263422 चलानी नं. ६०१७९५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २८ गते (13th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९
**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

# प्रभाव दैनिक


## कमेडी रोस्ट शो 'आम्मा कसम यँा दुख्छ'को दोस्रो सिजन आउने

कमेडी रोस्ट शो 'आम्मा कसम यँा दुख्छ' को दोस्रो सिजन सुरू हुने भएको छ । शो निर्माण संस्था नेपाल नेटवर्क टेलिभिजनले राजधानीमा एक कार्यक्रमकाबीच शो साउन २० बाट सुरू हुने जानकारी दियो । उक्त अवसरमा शोको प्रोमो समेत सार्वजनिक भयो । शोको यो सिजनको पहिलो भागमा अतिथिको रूपमा केशव स्थापित रहनेछन् । पहिलो सिजनको तुलनामा दोस्रो सिजन अझै राम्रो र केहि परिमार्जन गरिएको शो कि निर्देशक श्रृद्धा प्रसाईले बताइन् । शोको गेष्ट म्यानेजमेन्टको काम गोपीकृष्ण चापागाईंले गरेका छन् । चापागाईंले पहिलो सिजन भन्दा दोस्रो सिजनमा गेष्ट ल्याउनका सहज भएको बताए ।




बिहीबार, १८ साउन २०८० (Thursday, August 3, 2023)


# चलचित्र निर्माणमा आएको रूपान्तरण



■ प्रभाव संवाददाता

**काठमाडौं–** वि.सं. २०६३ पश्चात् प्रविधिमा रूपान्तरणसँगै राजनीतिक घटनाक्रमले समय बदलियो । प्रविधिको विकाससँगै चलचित्र निर्माणमा नयाँ र जनचासोका विविध विषयले स्थान पाउने आश पनि गरियो । केही समयसम्म त्यस्ता चलचित्र सीमित संख्यामा बने । विसं २०६५ पश्चात 'कागबेनी', 'सानो संसार'बाट सुरू भएको डिजिटल चलचित्रको यात्राले 'लूट' को प्रदर्शन पश्चात गति लियो । यसले नेपाली चलचित्रमा स्थापित पुराना मान्यतालाई भत्काउन सफल भयो ।

अभिनेता, पहिरन, छयांकन, लवजसँगै प्रस्तुतिका हिसाबले अन्यभन्दा फरक चलचित्र 'लूट' ले नयाँ अध्यायको सुरूआत गर्यो । देशमा भइरहेका परिवर्तनले दिएका विषयवस्तु तथा उक्त परिवर्तनसँगै भित्रिएका आधुनिक प्रविधिले दिएको सहजताका कारण अहिले चलचित्रलाई समाजसँग जोड्ने गरिएको छ ।

चलचित्र 'द कप'मार्फत निर्देशकीय यात्राको प्रारम्भ गरेको विश्वप्रख्यात निर्देशक खिन्से नोर्बु (जोङसार खिन्से रिम्पोछे)ले चलचित्र भन्नेबित्तिकै मस्तिस्कमा निर्माण हुने चित्र हलिउड र बलिउडले स्थापित गरेको बताए । 'ती उद्योगबाट निर्मित चलचित्र हेर्दै हेराइको विकास गरेका छौं, त्यहीं कारण चलचित्र भन्नेबित्तिकै हाम्रो मानसपटलमा हिरो, हिरोइन, भिलेन, गीत र द्वन्द्वजस्ता स्थापित भाष्यको चित्र बन्छ', उनले भने ।

सामाजिक विषय र बदलाको कथा कयौं चलचित्रमा देखिए । किनकि ती दर्शकमार्फत अनुमोदित विषय थिए । त्यसलाई धेरै समयसम्म निर्देशक र पटकथाकारले परिवर्तन गर्न खोजेनन् । बजारकै अनुसार चलचित्र निर्माण भइरहेको निर्देशक सुनिल पाण्डेले बताए । उनले भने, 'पचासको दशकमा फरक किसिमका चलचित्रले प्रदर्शनमा सहजता पाउथेनन्, गीत, द्वन्द्व र काल्पनिक कथा भएका चलचित्र दर्शकको रोजाइमा पर्थे, दर्शक फेरिएपछि चलचित्रको निर्माण फेरियो ।'

चलचित्र निर्देशक ज्ञानेन्द्र देउजाका अनुसार नेपाली चलचित्रको बजार अहिले बढेको छ । 'कबमी ४ : द फाइनल म्याच' ले घरेलु बजारमा रु २३ करोडको व्यापार गर्नुले भविष्य उज्वल रहेको संकेत गरेको उनले बताए । छक्कापञ्जा शृंखला, जात्रा शृंखलाको बजार पनि उस्तै रहेको उनको भनाइ थियो ।

'पछिल्लो समय चलचित्र जारीकै व्यापार हेर्ने हो भने स्वदेशझैँ विदेशमा पनि राम्रो दर्शक पाएको छ, यसको कुल व्यापारलाई मध्यनजर गर्ने हो भने नेपाली चलचित्रको बजारको आकार बढेको अनुमान गर्न सकिन्छ, दर्शक छन्, बजार छ, अब हामीले चलचित्र बनाउन सक्नुपर्छ', निर्देशक देउजाले भने ।

मौलिक विषयवस्तुले चलचित्रमा स्थान पाएसँगै निर्माण शैलीमा परिवर्तन आएको निर्देशक प्रदीप भट्टराईले बताए । 'पर्दामा हाम्रो मौलिकता र संस्कृतिले स्थान पाएका छन् । हामीसँग भएको कथालाई पर्दामा उतार्न पाएका छौं, राम्रा भनिने चलचित्रले स्वदेशी बजारको मात्रै भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको छ, चलचित्र राम्रो बनाउन सके व्यावसायिकरूपमा विदेशमा पनि प्रदर्शन गर्न सकिन्छ', उनले भने । उनी निर्देशित पछिल्लो चलचित्र 'महापुरूष'ले विदेशमा पनि राम्रो व्यापार गरेको थियो ।

उनीझैँ मौलिक विषयलाई उठान गर्ने क्रम अहिले चलचित्रमा बढेको छ । प्रविधिझैँ निर्माणमा समेत नयाँ शैलीले मान्यता पाएको छ । अहिले चलचित्रका अभिनेता भन्नेबित्तिकै सुकिला वा सयौं भिलेनलाई पिट्ने मात्र हुँदैनन् । आम मानिसझैँ शक्तिविहीन र पर्दा बाहिर देखिने पात्रले स्थान पाएका छन् । यहीँ कारण चलचित्रलाई विभिन्न धारको भन्ने पनि गरिन्छ । अधिकांश चलचित्रकर्मी भने चलचित्रको एउटै धार 'दर्शकको मन जित्नु' रहेको बताउने गर्छन् ।

# महादेवको 'बलिउड र कलिउड टुर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय हास्य कलाकार महादेव त्रिपाठी 'जादुर' अहिले अमेरिका टुरमा छन् । करिब एक वर्षदेखि अमेरिका टुरमा रहेका उनले अमेरिकाको दर्जन बढी सहरमा सांगीतिक कार्यक्रम गरिसकेका छन् ।




सांगीतिक कार्यक्रमको सिलसिलामा उनले बिभिन्न जादु, कमेडी प्रहसन र नृत्य प्रस्तुत गर्ने गरेका छन् । आइतबार सम्पन्न मिस नेपाल नर्थ अमेरिका कार्यक्रममा पनि उनले कमेडी प्रहसन र नृत्य प्रस्तुत गरेका थिए । उनले नृत्य नेपाली मौलिक गीतमा रहेको थियो । जसलाई दर्शक दिर्घबाट वान्समोरको हुटिङ समेत गुन्जिएको थियो ।

केही दिन अगाडि त्रिपाठीले अमेरिकाको विभिन्न ठाउँमा नेपाली गायिका मेलिना राई, सुगम पोखरेल, निमा रुम्बा, हेमन्त राणा, कुन्ति मोक्तानलगायतसँग सांगीतिक कार्यक्रम गरेका थिए । 'बलिउड र कलिउड टुर' नाम दिइएको उक्त कार्यक्रममा उनले बलिउडमा सोनु निगम, लक्कि अलि, बादशाहसँग कार्यक्रम गरिरहेका छन् ।

'बलिउड र कलिउड कलाकारसँग संयुक्त रूपमा अमेरिकामा मेरो सांगीतिक टुर चलिरहेको छ', त्रिपाठीले भने-'केही कार्यक्रमका लागि अमेरिका आएको थिए । यहाँका नेपालीको माया र प्रेमले दर्जनौ कार्यक्रम थपियो ।'

अमेरिकामा अझै आधा दर्जन कार्यक्रमपछि मात्र आफू नेपाल फर्किने त्रिपाठीले सुनाए । त्रिपाठीले नेपाली फिल्म, टेलिफिल्म लगायत थुप्रै म्युजिक भिडियो पनि अभिनय गरेका छन् । नेपाली फ्यान मार्फत उनी कलाकार तथा जादुगर महादेव त्रिपाठीका नामबाट परिचित छन् ।

# ट्रेलरमा यस्तो देखियो फिल्म 'हिँड्दा हिँड्दै'

**काठमाडौं (प्रस)–** आकाश श्रेष्ठ र रेखा शाहको शीर्ष भूमिकामा रहेको फिल्म 'हिँड्दा हिँड्दै'को ट्रेलर सार्वजनिक भएको छ ।

फिल्मको सार्वजनिक ट्रेलरमा प्रेम र प्रेममा आउने उतारचढावलाई देखाइएको छ । फिल्म मिलन आले मगरले निर्देशन गरेका हुन् ।

भदौ १ गतेदेखि प्रदर्शनको तयारीमा रहेको फिल्ममा सलोन बस्नेत, सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ र बाल कलाकारमा अर्विन थिङ्ग लगायतको अभिनय छ ।



नारायण सुशील पंगेनी इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा निर्माणमा भएको फिल्ममा सुशील पंगेनीको लेखन तथा निर्माण छ ।

विमल श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्ममा तारा प्रकाश र किरण माइकलको संगीत, कबिराज गहतराज र सुरेन्द्र बसेलको कोरियोग्राफी र देव महर्जनको द्वन्द्व छ । फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्नेछ ।

## रंगशाला

# एसियन रग्बी सेभेन्स प्रतियोगिता नेपालमा हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा लगातार दोस्रो वर्ष उमेर समूहका एसियन रग्बी सेभेन्स प्रतियोगिता हुने भएको छ ।

एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा एसिया यु-२० महिला तथा पुरुष रग्बी सेभेन्स प्रतियोगिता हुने भएसँगै नेपालमा लगातार दोस्रो वर्ष उमेर समूहका एसियाली प्रतिष्पर्धा हुन लागेको हो ।

गत वर्ष भने नेपालले एसिया यु-१८ महिला तथा पुरुष रग्बी सेभेन्स प्रतियोगिता आयोजना गरेको थियो । पछिल्लो समय विश्व रग्बीको पूर्ण सदस्यता प्राप्त गरेसँगै नेपालले यु-२० को प्रतियोगिता आयोजना गर्न लागेको हो । उक्त प्रतियोगिता आगामी भदौ २ र ३ गते त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने नेपाल रग्बी संघले जनाएको छ । एसियन यु-२० रग्बी सेभेन्स प्रतियोगितामा भारत, थाइल्याण्ड, मलेसिया, चाइनिज ताइपेइ, हङकङ, उज्वेकिस्तान र नेपाल गरी सात राष्ट्रले प्रतिष्पर्धा गर्नेछन् ।

यद्यपि, पुरुषतर्फ सात राष्ट्रको चुनौती रहँदा महिलामा भने तीन राष्ट्र आयोजक नेपाल, थाइल्याण्ड र मलेसियाको मात्र सहभागिता रहनेछ नेपाल रग्बी संघले जनाएको छ । प्रतियोगिता आयोजनाका लागि करिव ७२ लाख रूपैयाँ खर्च हुने संघको अनुमान छ । प्रतियोगिताका विजेताले ट्रफी प्राप्त गर्नेछ । एसिया रग्बीको सदस्यता प्राप्त गरेका ३५ राष्ट्रका रग्बी संघहरूले यस प्रतियोगिताको प्रत्यक्ष प्रशारण गर्नेछन् । प्रतियोगिताका लागि नेपाली यु-२० महिला तथा पुरुष राष्ट्रिय टोलीको बन्द प्रशिक्षण पोखरामा सञ्चालन भइरहेको छ ।

श्रीलंकन प्रशिक्षक सेन वेजेसिंघेले गत असार १५ गतेबाट दिइरहेको उक्त प्रशिक्षण निकै प्रभावकारी रहेकाले टोलीले राम्रो नतिजा ल्याउने विश्वस्त रहेको नेपाल रग्बी संघले बताएको छ । हाल महिला र पुरुषतर्फ समान २० खेलाडी पोखरामा हाई पर्फमेन्स प्रशिक्षणमा छन् । उनीहरूमध्ये अन्तिम १५ टोलीले आगामी प्रतियोगितामा प्रतिष्पर्धा गर्नेछ ।

# वेस्ट इन्डिजविरुद्ध भारतलाई सिरिज

**काठमाडौं–** घरेलु टोली वेस्ट इन्डिजविरुद्धको तेस्रो तथा निर्णायक एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा भ्रमणकारी टोली भारत दुई सय रनको फराकिलो अन्तरले विजयी भएको छ । जितसँगै भारतले तीन खेलको शृंखलालाई पनि २–१ ले आफ्नो पक्षमा पारेको छ ।

पहिलो खेलमा भारत र दोस्रो खेलमा वेस्ट इन्डिज विजयी भएका थिए । अन्तिम खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको भारतले निर्धारित ओभरमा पाँच विकेट गुमाएर तीन सय ५१ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको घरेलु टोलीले भने ३५.३ ओभरमै अलआउट हुनुअघि एक सय ५१ रनमात्र बनाउन सक्यो । दोस्रो खेलमा निराशाजनक प्रदर्शन गरेका भारतीय ब्याट्सम्यान अन्तिम खेलमा भने लयमा फर्किएका थिए ।

भारतीय ब्याट्सम्यानद्वय ईशान किसन र शुभमन गिलले ओपनिङ विकेटका लागि एक सय ४३ रनको साझेदारी गरेका थिए । गिलले ९२ बलमा ११ चौकाको मद्दतले ८५ रन बनाए । अर्का ओपनर किसन ६४ बलमा तीन छक्का र आठ चौकाको मद्दतले ७७ रन बनाउँदै पेभेलियन फर्किए । भारतका लागि अन्य दुई ब्याट्सम्यानले पनि अर्धसतक पूरा गरे । कप्तान हार्दिक पाण्डेले अविजित ७० रनको योगदान गरे । आक्रामक रूपमा प्रस्तुत भएका पाण्डेले पाँच छक्का र चार चौका पनि प्रहार गरेका थिए । सञ्जु सामसनले पनि ५१ रन जोडे । उनले ४१ बलमा चार छक्का र दुई चौका हिर्काए ।

सूर्यकुमार यादवले ३५ रन जोडे । क्यारेबियन टोलीका बलर रोमारियो सेफर्डले दुई विकेट लिए ।भारतका शुभमन गिल म्यान अफ दी म्याच घोषित भए । भारतकै ईशान किसन म्यान अफ दी सिरिज बने ।

# स्कुलका विद्यार्थीसँग ओलम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ओलम्पियन्स संघले बागमती प्रदेशमा 'स्कुल टु ओलम्पिक' कार्यक्रम आयोजना गरेको छ । काठमाडौंको कीर्तिपुर नगाउँस्थित सशस्त्र प्रहरी बलको एपीएफ स्कुलमा संघले ओलम्पिक अभियान र ओलम्पियनहरूबारे परिचयात्मक कार्यक्रमसहितको 'स्कुल टु ओलम्पिक' कार्यक्रम आयोजना गरेको हो ।

नेपाल ओलम्पियन्स संघ नेपाली ओलम्पियनहरूको छाता संगठन हो । कार्यक्रमअघि ओलम्पियनहरूले विद्यालय प्राङ्गणमा वृक्षारोपण गरेका थिए । वृक्षारोपणमा ओलम्पियनहरू बैकुण्ठ मानन्धर, दीपक बिष्ट, राजेन्द्र भण्डारी र प्रमिला रिजालको सहभागिता रहेको थियो ।

यसैगरी राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान अनिल गुरुङ पनि वृक्षारोपणमा सहभागी थिए । त्यसपछि आयोजित अन्तरक्रिया कार्यक्रममा ओलम्पियनहरूले करिब चार सयको संख्यामा रहेका विद्यार्थीसँग अनुभव साटासाट गरेका थिए । विद्यार्थीहरूले सोधेको विभिन्न प्रश्नको जवाफ पनि ओलम्पियनहरूले दिएका थिए ।

नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले ओलम्पिकको महत्व र ओलम्पिक चार्टर तथा नेपालमा ओलम्पिक अभियानको विषयमा प्रकाश पारेका थिए । ओलम्पियन बैकुण्ठ मानन्धरले नेपाली ओलम्पियनहरूले आफ्नै क्षमताले नेपाल र नेपालीको गौरव उचो राख्ने काम गरेको बताए ।

एपीएफ स्कुलकै धावक अजित यादवले जुनियर एसियन च्याम्पियनसिप जितेको उदाहरण दिँदै कीर्तिमानी धावक मानन्धरले अनुशासित भएर लागेमा सबैले खेलकुदमार्फत आफ्नो छुट्टै पहिचान बनाउन सक्ने बताए ।

छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउने नेपालका पहिलो पुरुष खेलाडी दीपक बिष्टले आफूले निकै ढिलो तेक्वान्दो शुरु गरेर पनि सफलता प्राप्त गरेको अनुभव सुनाए । उनले सानै उमेरबाट खेलकुदमा लागे सफलता छिटो हात पार्न सकिने पनि बताए । चोटग्रस्त हुँदा पनि राष्ट्रको लागि खेल्नुपर्छ भन्ने भावना भएकाले नै आफूले चार पटक सागको स्वणर् पदक, एसियाली खेलकुदमा दुई काश्य पदक र ओलम्पिकमा सहभागिता जनाउन सकेको उल्लेख गरे ।

धावक राजेन्द्र भण्डारीले डोपिङ प्रकरणमा परेर सागको दुईवटा स्वर्ण गुमाएको प्रसंग झिक्दै त्यसलाई आफूले जीवनको कालो दिनको रूपमा लिएको बताए । तर, आफूमाथि लागेको दागलाई मेट्नैपर्छ भन्ने उद्देश्य लिएर अघि बढ्दा नै सागमा अर्को स्वर्ण पदक जित्न सकेको उनले सुनाए । खेलाडीको जीवनमा नसोचेका उतारचढावहरू आउने भएकाले चनाखो हुन उनले आग्रह गरे ।

ओलम्पियन प्रमिला रिजालले महिलालाई अन्य क्षेत्रमा जस्तै खेल क्षेत्रमा लाग्न पनि सजिलो नरहेको बताइन् । घरपरिवार र समाजको बन्धनलाई चिर्दै अघि बढेकाले नै आफू एपीएफ क्लबको एकमात्र ओलम्पिन हुन सकेको उनले सुनाइन् ।

कार्यक्रममा फुटबलका पूर्वकप्तान अनिल गरुङले नाम र दामको लागि भन्दा पनि राष्ट्रका लागि केही गर्ने र राष्ट्रिय झण्डा अंकित जर्सी लगाउने लोभका कारण आफू फुटबलमा लागेको सुनाए । देशकै अवस्था राम्रो हुन नसकेकाले खेल र खेलाडीको अवस्थामा सुधार नआएको उनको कथन थियो ।

अन्तरक्रिया विद्यार्थीहरूले खेलाडीलाई नेपालमा खेल र खेलाडीको अवस्था, खेलमा लागेर हुनसक्ने कमाई, राज्यले लिएको खेल नीति र ओलम्पिकमा सहभागिता जनाउन गर्नुपर्ने मिहेनतबारे जिज्ञासा राखेका थिए ।

कार्यक्रममा एपीएफ स्कुलका विद्यार्थीले नृत्य र तेक्वान्दोको फाइट पनि प्रस्तुत गरेका थिए । एपीएफ स्कुलका प्रधानाध्यापक युवारज पराजुली र इन्चार्ज डीएसपी लक्ष्मी थपलियाले ओलम्पियनहरूलाई मायाको चिनो हस्तान्तरण गरेका थिए । ओलम्पियनहरूको जीवनबाट विद्यार्थीहरूले धेरै नै सिक्ने मौका पाएको उनीहरूको कथन थियो । संघले यसअघि सुदूरपश्चिम, कणरली र लुम्बिनी प्रदेशका विभिन्न विद्यालयमा 'स्कुल टु ओलम्पिक' कार्यक्रम आयोजना गरिसकेको छ । छिट्टै नै गण्डकी प्रदेशमा पनि यस्तै कार्यक्रम आयोजना गरिने जानकारी संघका अध्यक्ष दीपक बिष्टले दिए ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२४०० | प्रति तोला – १११८५० | प्रति तोला – १४६० |



**चौरीको दूधबाट छुर्पी पकाउँदै** | मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकास्थित आइस लेकखर्कमा चौरीको दूधबाट छुर्पी पकाउँदै चौरीपालक कृषक । यसरी बनाएको छुर्पी प्रतिकेजी दुई हजार ७०० देखि तीन हजार रुपैयाँसम्ममा बिक्री हुनेगर्छ । *तस्बिरः नवीन लामिछाने/रासस*

# सेयरबजारमा सामान्य सुधार

## ९.२५ अंकले नेप्से बढ्दा पौने २ अर्ब कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको वृद्धि देखिएको छ । बुधबार परिसूचक नौ दशमलव २५ अंकले बढेर दुई हजार ८६ दशमलव ८४ अंकमा कायम भएको हो ।





नेप्सेका अनुसार दुई सय ६९ कम्पनीको ९३ लाख ६१ हजार सात सय ८६ कित्ता सेयर ३५ हजार आठ सय ३५ पटक खरिदबिक्री हुँदा रू एक अर्ब ८१ करोड २४ लाख ७३ हजार आठ सय ५६ बराबरको कारोबार भएको छ । जलविद्युत् समूह पाँच दशमलव ६८, लघुवित्त ११ दशमलव ०७ र व्यापार समूह एक दशमलव ७८ अंकले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह ७८ दशमलव ०८ र निर्जीवन बीमा समूह ६५ दशमलव ४४ अंकले बढेको छ । बैंकिङ समूह १० दशमलव ५१, विकास बैंक ३९ दशमलव ३३, वित्त ३० दशमलव ६२ र लगानी समूह शून्य दशमलव ०१ अंकले बढेको छ ।

त्यस्तै, जीवन बीमा ४२ दशमलव ८१, उत्पादन तथा प्रशोधन १७ दशमलव ८४, म्युचुअल फन्ड शून्य दशमलव ०१ र अन्य समूह चार दशमलव ६६ अंकले बढेको छ । आरबीबी म्युचुअल फन्ड-१ को सेयर मूल्य सबैभन्दा धेरै चार दशमलव १४ प्रतिशतले बढेको हो ।

सबैभन्दा धेरै गुमाउनेमा भने प्रभु स्मार्ट फन्डको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू ११ करोड १९ तीन लाख पाँच सय १९ बराबरको सेयर मूल्य किनबेच भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको १८ लाख १८ हजार नौ सय नौ कित्ता सेयर किनबेच भएको छ ।

# १६औं योजनाबाट अर्थतन्त्रमा रूपान्तरण आउनुपर्छ : प्रधानमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री एवं राष्ट्रिय योजना आयोगका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय योजना आयोगको सोह्रौं योजनाले समग्र अर्थतन्त्रमा गुणात्मक रूपान्तरण गर्नुपर्ने बताएका छन् । सोह्रौं योजनाको अवधारणा तर्जुमा गर्न बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित राष्ट्रिय योजना आयोगको बैठकलाई दिशानिर्देश गर्दै उनले अहिलेसम्मका योजनाहरूले देशको आर्थिक विकास र सामाजिक रूपान्तरणमा के-कस्तो भूमिका खेलेका छन् भन्ने विषयको गहिरो समीक्षा आवश्यक छ भने ।

उनले नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रिया परम्परागत र सीमित व्यक्तिको विवेकमा आधारित भएको बताउँदै यसमा व्यापक रूपान्तरण जरूरी रहेकामा जोड दिए । प्रधानमन्त्रीले भने, 'नीति तथा कार्यक्रम र बजेट निर्माणको हाम्रो संस्थागत, संरचनागत र कार्यशैलीगत रूपान्तरण जरूरी छ । नीति तथा कार्यक्रम र बजेट निर्माणको बीचमा एकदमै छोटो समय हुने, त्यसले गर्दा नीति तथा कार्यक्रम र बजेटबीच तादाम्यता नहुने समस्या हामीकहाँ छ, यसलाई बदल्नुपर्छ ।'

नीति तथा कार्यक्रम प्रस्तुत गरी पारित भइसकेपछि त्यसमाथि व्यापक छलफल गरेपछि मात्रै बजेट निर्माणको काम थाल्नुपर्नेमा जोड दिँदै उनले हतार-हतारमा बजेट बनाउँदा नीति तथा कार्यक्रम एकाथरि बजेट अर्कोथरि बन्ने समस्याबाट ग्रसित हुनुपरेको बताए ।

'नीति तथा कार्यक्रम र बजेट निर्माणको प्रक्रियामा पनि व्यापक रूपान्तरण आवश्यक छ । प्रस्तावको अल्पविराम र पूर्णविरामसमेत परिवर्तन नहुने भएपछि संसद्मा त्यति ठूलो छलफलको के अर्थ भन्ने प्रश्न पनि उठेको छ', प्रधानमन्त्री दाहालले भने, 'नीति तथा कार्यक्रम र बजेट प्रस्ताव भइसकेपछि पनि त्यसमाथि छलफल गरेर संशोधन गर्न सकिने व्यवस्था आवश्यक छ । यसमा राज्य संयन्त्रको मात्र नभएर बाहिरका बुद्धिजीवी र जनप्रतिनिधिको ज्ञान र विवेक प्रयोग गर्नेगरी तयारी गर्नुस् ।'

उनले आवधिक योजना निर्माणको प्रक्रियामा समेत बाहिरको सुझाव लिने व्यवस्था गर्नुपर्ने बताए । उनले भने, 'राज्यले सबै प्रकारका नीति वा योजना प्रस्ताव गर्दा बाहिरको ज्ञान र विवेक उपयोग गर्नेतिर सोच्नुस् । सामूहिक विवेकको प्रयोग नगरी कुनै पनि प्रस्ताव सही र वैज्ञानिक बन्दैन ।'

बैठकले सोह्रौं योजनाको अवधारणा स्वीकृति गरेको छ । बैठकले अवधारणालाई बृहत्रूपमा अन्तरक्रियामा लैजाने निर्णय गरेको छ । अवधारणामा सोह्रौं योजनाको आवश्यकता, सोह्रौं योजना तर्जुमाका आधार, दीर्घकालीन सोच, पन्ध्रौं योजनाको लक्ष्य र कार्यान्वयनको अवस्था, समष्टिगत आर्थिक परिसूचकको प्रगति समीक्षा, सोह्रौं योजनाको कार्यदिशा, समष्टिगत रणनीति, संरचनागत रूपान्तरणका क्षेत्रलगायत विषय समावेश छन् ।

अवधारणामा पन्ध्रौं योजनाको समीक्षा गरिएको छ, जसमा विश्वव्यापीरूपमा देखापरेको कोभिड महामारी, विश्वस्तरमा आएको राजनीतिक द्वन्द्व र अर्थतन्त्रमा संरचनागत सुधारको लक्ष्य पूरा गर्न नसक्दा पन्ध्रौं योजनाको लक्ष्य प्रभावित भएको विश्लेषण गरिएको छ ।

सोह्रौं योजनाको अवधारणामा सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्रमुख लक्ष्य बनाइएको छ । राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी र आवासलगायत क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु र सामाजिक जीवन, आर्थिक विकास र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु सोह्रौं योजनाको लक्ष्य किटानी गरिएको छ ।

अवधारणामा संरचनागत रूपान्तरणका क्षेत्रमा समष्टिगत आर्थिक आधारको सवलीकरण, उत्पादन र तथा उत्पादकत्व अभिवृद्धि, मर्यादित एवं समावेशी रोजगारीका अवसरको सिर्जना, मानव स्रोत व्यवस्थापन, मानव पुँजी निर्माण र उत्कृष्ट जनशक्ति योजना, गुणस्तरीय, समन्यायिक एवं जीवनोपयोगी शिक्षा, गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य प्रणालीलाई समेटिएको छ ।

अवधारणामा गुणस्तरीय पूर्वाधार र व्यवस्थित सहरीकरण, सामाजिक सशक्तीकरण, समावेशीकरण र सामाजिक सुरक्षा, अवाञ्छित तथा अनौपचारिक कारोबारको नियन्त्रण विनियोजन कुशलता तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि, विनियोजन कुशलता तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि, वातावरण संरक्षण, जैविक विविधता तथा विपद्को व्यवस्थापन र दिगो विकास र सुशासन प्रवर्द्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहलगायत विषय छन् ।

## कर्पोरेट

### प्राइम कमर्सियल बैंकको डिसिइओमा मानन्धर नियुक्त



**काठमाडौं (प्रस)–** प्राइम कमर्सियल बैंक लि.मा स्थापनाकालदेखि नै प्रमुख कार्यकारी अधिकृतका रूपमा व्यवस्थपकीय नेतृत्वमा रहेका नारायणदास मानन्धरको कार्यकाल सकिएकोले सञ्चालक समितिको बैठकले बैंकको प्रमुख कार्यकारी अधिकृतमा संजीव मानन्धरलाई कायममुकायम प्रमुख कार्यकारी अधिकृतको रूपमा नियुक्त गरेको छ ।

मानन्धर स्थापनाकालदेखि नै यस बैंकमा महाप्रबन्धकका रूपमा कार्यरत थिए । कायममुकायम प्रमुख कार्यकारी अधिकृत मानन्धरको बैंकिङ क्षेत्रमा २३ वर्ष भन्दा लामो अनुभव छ । तत्कालीन नेपाल इन्भेष्टमेण्ट बैंक लि.बाट बैंकिङ क्यारियर शुरु गर्नु भएका चार्टर्ड एकाउण्टेण्ट मानन्धरले राष्ट्रिय वाणिज्य बैंक लि.को विदेशी व्यवस्थापनसँग आवद्ध रही कार्य गरिसकेका छन् ।

अवकाशप्राप्त नारायणदास मानन्धर विगत १६ वर्षदेखि यस बैंकमा प्रमुख कार्यकारी अधिकृत थिए । विदाई कार्यक्रममा संक्षिप्त मन्तव्य दिँदै अध्यक्ष राजेन्द्रदास श्रेष्ठले यस बैंकलाई नयाँ उँचाईमा पुऱ्याउन नारायणदास मानन्धरको उल्लेख्य भूमिका रहेको धारणा राखे ।

### कुमारी बैंक र इएमएफ माइक्रोफाइनान्स फण्डबीच ऋण सम्झौता

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले आफ्नो स्थापनाकालदेखि नै ग्राहकहरूको मागलाई ध्यानमा राख्दै नविन र ग्राहकमैत्री योजनाहरू ल्याउदै आएको छ । सोही मागलाई मध्यनजर गर्दै, कुमारी बैंक लिमिटेडले, इएमएफ माइक्रोफाइनान्स फन्डसँग व्यावसायिक ऋण सम्झौता गरेको छ । इएफएफ माइक्रोफाइनान्स फण्डसँगको सहकार्य मार्फत, कुमारी बैंकले सान तथा मझौला क्षेत्रलाई किफायती कर्जा पहुँचका साथ सशक्तिकरण गर्ने लक्ष्य राखेको छ जसले आर्थिक उन्नतिको लागि नयाँ अवसरहरू सिर्जना गर्न मद्दत गर्दछ। यस अघि, कुमारी बैंकले महिला सशक्तिकरण ऋण र महिला स्वामित्व भएका एफएसएफइलाई सहयोग गर्न माइक्रोफाइनान्स एन्हान्समेन्ट सुविधा एसए, एसआईसीएसभी-एसआईएफसँग इसीबी सफलतापूर्वक पूरा गरिसकेको छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०४ शाखा, ४९ एक्सटेन्सन काउन्टर, ३०७ ए.टि.एम. तथा ६३ शाखा रहित बैंकिङ्ग ईकाई सहितका सञ्जालहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

# म्याग्दीमा २३८ मेगावाटका १३ जलविद्युत् आयोजना

**म्याग्दी–** म्याग्दीको पश्चिमी क्षेत्रमा दुई सय ३८ दशमलव २३ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना निर्माणाधीन छन् । विद्युत् प्राधिकरणले निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय ग्रिडमा जोड्नका लागि प्रसारण लाइन र सवस्टेशन बनाउन थालेपछि निर्माणाधीन आयोजनाको कामले तीव्रता पाएका हुन् ।

प्राधिकरणले मालिका गाउँपालिका-७ मा एक सय ३२ केभी क्षमताको सवस्टेशन र त्यहाँदेखि राहुघाट जोड्ने प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको जनाएको छ । सन् २०२४ भित्र डाँडाखेत सवस्टेशन र प्रसारण लाइन निर्माण सम्पन्न गर्ने तयारीसहित काम थालिएको डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका प्रमुख रोशन अग्रवालले बताए । उनका अनुसार उक्त आयोजनाले मालिका गाउँपालिकाको शिवरात्रि खोलादेखि भारवाङ, कल्लेनी, छहरी, खारा, खाम्ला हुँदै नाउरासम्म १० किलोमिटरभन्दा बढी सडक मार्ग खोलेको छ । 'शिवरात्री खोलाको पहरामा अड्किएको सडक धवलागिरि गाउँपालिकाले बजेट विनियोजन गरेपछि मार्ग खोलिएको हो', अग्रवालले भने, 'हाइड्रो इम्पायर प्राली काठमाडौंले धवलागिरि-४ मा ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजना निर्माणको अनुमति लिएको छ ।'

आयोजनाका अध्यक्ष जीतबहादुर घर्तीले पहुँचमार्ग निर्माण सकेर सुरुङ, विद्युतगृहको काम थालिएको बताए । उनका अनुसार सिन्कोस र म्याग्दी खोलाको दोभानभन्दा एक सय ३० मिटर तल म्याग्दी खोलाको दायाँ किनारमा आयोजनाको बाँध प्रस्ताव गरिएको छ । धौलागिरि हिमालको फेदि भएर बग्ने म्याग्दी नदीबाट विद्युत् उत्पादनका लागि विद्युत् विकास विभागबाट तीन आयोजनाले निर्माण अनुमति पाएका छन् ।

त्रिपन्न मेगावाट क्षमताको अपर म्याग्दी पहिलो, १४ दशमलव ७० मेगावाटको मुदीखोला र ५७ दशमलव ३० मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले निर्माणको अनुमति लिएका छन् । अपर म्याग्दी जलविद्युत् आयोजनाले छहरीमा साइट कार्यालयको भवन बनाएको छ । धवलागिरि-४ मा २३ दशमलव ७० मेगावाट क्षमताको म्याग्दीखोला 'ए' र धवलागिरि-१ गुर्जामा १५ मेगावाट क्षमताको धौलाखोला जलविद्युत् आयोजना निर्माणाधीन छन् । त्यस्तै, एभरेष्ट इनर्जी एण्ड इन्फ्रास्ट्रक्चर प्रालिले धवलागिरि-४ मा १४ दशमलव ७० मेगावाट क्षमताको मुदिखोला, सुसमित हाइड्रोपावर लिमिटेडले धवलागिरिमा २० मेगावाट क्षमताको कुनबान खोला जलविद्युत् आयोजना निर्माणका लागि अनुमति लिएका छन् ।

त्यस्तै, छ दशमलव पाँच मेगावाटको दरखोला, धवलागिरि-४ मा तीन दशमलव ४५ मेगावाटको सिम्कोश, धवलागिरि-४ मुदीमा १२ दशमलव ७३ मेगावाटको अपर मुदी, नौ दशमलव पाँच मेगावाटको म्याग्दीखोला 'बि' र चार दशमलव छ मेगावाटको तिरिजा खोला जलविद्युत् आयोजनाका लागि सर्वेक्षणको अनुमति लिएका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ